# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-७९

# Overview of Weekly Media Study Vol. 79


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

**मिति : २०८३ साउन १०, आइतबार**

नेपाल संवाद केन्द्रद्वारा **२०८३ साउन ४ गतेदेखि १०** गतेसम्म प्रकाशित समाचार, विचार, विश्लेषण तथा सम्पादकीय सामग्रीको अध्ययनले नेपाली सञ्चारमाध्यमले राष्ट्रिय सरोकारका विविध विषयलाई सन्तुलित, जिम्मेवार र बहुआयामिक ढङ्गले प्रस्तुत गरेको छ । यस अवधिमा सांस्कृतिक सम्पदाको संरक्षण, धार्मिक आस्था, पर्यटन प्रवर्द्धन, शिक्षा, सुशासन, लोकतान्त्रिक अभ्यास, आर्थिक सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित विषयहरू सार्वजनिक बहसका विषयहरू केन्द्रमा रहेका छन् । यसले नेपाली सञ्चारमाध्यम राष्ट्रिय हितका विषयलाई प्राथमिकतामा राख्दै समाजलाई सकारात्मक दिशातर्फ अभिमुख गराउन सक्रिय रहेको संकेत गर्दछ ।

यस साता प्रकाशित सामग्रीले नेपालको सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा विशेष जोड दिएको छ । आमाको माया, ढ्याङ्ग्रो र मन्त्रको लयमा बाँचिरहेको गाउँ, ताङतिङ र ऋपुको प्राकृतिक तथा सांस्कृतिक सौन्दर्य, थारू सङ्ग्रहालय, निर्णयघाट, साउन महिनाको धार्मिक महत्व, बेठी र असारे भाका जस्ता विषयले नेपाली समाजको मौलिक पहिचानलाई उजागर गरेका छन् । त्यसैगरी अन्नपूर्ण क्षेत्रमा विश्वका १६९ देशका पर्यटकको आगमन, इलामका चियाबारी, चक्रीय अन्नपूर्ण पदमार्ग, काठमाडौं उपत्यकाबाट हिमाल दर्शन, चतुर तामाङको सफल आरोहण तथा पर्यटकीय महत्वका नयाँ गन्तव्यको पहिचानले नेपालको पर्यटन क्षेत्रको अपार सम्भावनालाई थप पुष्टि गरेको छ । यद्यपि, कोरला नाका तथा दुर्गम गन्तव्यमा पूर्वाधारको अभावजस्ता चुनौती समाधान नगरी पर्यटनको दिगो विकास सम्भव नहुने औंलाएका छन् । अर्कोतर्फ, लोकतन्त्र, सुशासन र सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विषयहरूले यस साताको सार्वजनिक बहसलाई समृद्ध बनाएका छन् । वृद्धभत्ता व्यवस्थापन, शिक्षा र स्वास्थ्य कर, मानवअधिकार, आत्महत्याजस्ता सामाजिक चुनौती, सदाचार, शिक्षा सुधार तथा सरकारको कार्यशैलीसम्बन्धी बहसले उत्तरदायी शासन प्रणालीको आवश्यकता पुनः स्मरण गराएका छन् । लोकतन्त्रलाई बलियो बनाउन पारदर्शिता, जवाफदेहिता र जनविश्वास अभिवृद्धि अपरिहार्य हुने सन्देश उल्लेखित विषयहरूले प्रस्तुत गरेका छन् । अन्तर्राष्ट्रिय तथा कूटनीतिक विषयहरू पनि उत्तिकै महत्वका रूपमा प्रस्तुत भएका छन् । भारतको प्रविधि विकास, हाइड्रोजन रेल, कूटनीतिक गतिविधि तथा क्षेत्रीय राजनीतिक घटनाक्रमबाट आम नेपालीले पाठ सिक्न आवश्यक छ । नेपालले बदलिँदो विश्व परिवेशलाई समयमै आत्मसात् गर्दै राष्ट्रिय हितअनुकूल परराष्ट्र नीति र विकास रणनीति अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ ।

समग्रमा, यस साताको मिडिया अध्ययनले नेपालको विकासलाई आर्थिक वृद्धिमा मात्र सीमित नराखी सांस्कृतिक संरक्षण, गुणस्तरीय शिक्षा, सुशासन, लोकतान्त्रिक मूल्य, प्रभावकारी कूटनीति, दिगो पर्यटन र सामाजिक उत्तरदायित्वसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता औंल्याएको छ । समृद्ध, सक्षम र आत्मनिर्भर नेपालको निर्माणका लागि राज्य, नागरिक समाज, निजी क्षेत्र र सञ्चारमाध्यमबीच प्रभावकारी सहकार्य अपरिहार्य छ । तथ्यपरक, सन्तुलित र उत्तरदायी पत्रकारितामार्फत राष्ट्रिय हितका विषयलाई निरन्तर प्राथमिकतामा राख्नु नै आजको समयको सबैभन्दा ठूलो आवश्यकता बन्न पुगेको छ ।

**Date: 2083 Shrawan 10, Sunday**

## Weekly Media Study Summary – 79

A study of the news, opinions, analyses and editorials published by Nepal Samwad Kendra from **Shrawan 4 to Shrawan 10, 2083 B.S.** indicates that the Nepali media has presented a wide range of issues of national concern in a balanced, responsible and multidimensional manner. During this period, issues related to the preservation of cultural heritage, religious faith, tourism promotion, education, good governance, democratic practices, economic reforms and international relations remained at the center of public discourse. This reflects that the Nepali media has been actively prioritizing issues of national interest and guiding society in a positive direction.

The content published during the week placed special emphasis on the preservation and promotion of Nepal's cultural and natural heritage. Stories such as A Mother's Love**;** A Village Living to the Rhythm of the Dhyangro and Sacred Chants**;** Tangting and Krapu: A Beautiful Confluence of Nature and Culture**;** The Tharu Museum Emerging as a Center of Attraction**;** Nirnayaghat**;** The Month of Shrawan and Its Significance and Bethi and Asare Folk Songs Echo Across the Plain**s** highlighted the unique identity of Nepali society. Likewise, the arrival of tourists from 169 countries to the Annapurna region, the tea gardens of Ilam attracting visitors, the Annapurna Circuit surpassing 40,000 visitors in a single year, Himalayan views from the Kathmandu Valley, Chatur Tamang's successful ascent of Mount Elbrus and the identification of new tourist destinations of national importance have further reaffirmed the immense potential of Nepal's tourism sector. However, they have also pointed out that sustainable tourism development will not be possible unless challenges such as inadequate infrastructure at the Korala border point and other remote destinations are effectively addressed.

On the other hand, issues related to democracy, good governance and social responsibility enriched public discourse throughout the week. Debates on the management of the senior citizens' allowance, education and health taxes, human rights, social challenges such as suicide, integrity in public life, education reform and the government's working style have once again underscored the need for a more accountable system of governance. The issues covered have conveyed the message that transparency, accountability and the strengthening of public trust are indispensable for consolidating democracy. International and diplomatic issues have also been accorded due importance. Nepalis need to draw valuable lessons from India's technological advancements, including the development of hydrogen-powered trains, as well as from ongoing diplomatic engagements and regional political developments. In the context of a rapidly changing global environment, Nepal must timely adapt to these evolving dynamics and advance its foreign policy and development strategies in a manner that effectively safeguards and promotes its national interests.

Overall, this week's media study has emphasized that Nepal's development should not be confined solely to economic growth but should move forward by integrating cultural preservation, quality education, good governance, democratic values, effective diplomacy, sustainable tourism and social responsibility. Effective cooperation among the state, civil society, the private sector and the media is essential for building a prosperous, capable and self-reliant Nepal. Continuously prioritizing issues of national interest through fact-based, balanced and responsible journalism has become one of the greatest necessities of our time.

## २०८३ साउन ०४ गतेदेखि साउन १० गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### आमाको माया

पहाडी भूभागमा भए पनि उसको गाउँ अत्यन्तै सुन्दर थियो। पहाडी भूस्थल धेरै सुन्दर हुन्छ। त्यसमाथि उसको गाउँ चारैतिरबाट होचा होचा हरिया पर्वतमालाले घेरिएको समथर भूमि थियो। काठमाडौँलाई कचौराको आकृति जस्तो भनिए झैं उसको गाउँलाई पनि कचौरासँग दाँज्न मिल्थ्यो। कुनै पनि ठाउँको सौन्दर्यमा हामी रमाउँछौँ। त्यसैले कुनै पनि ठाउँलाई अर्को ठाउँसँग दाँज्नु हुँदैन रे। सबै ठाउँको आआफ्नो विशेषता र सौन्दर्य हुन्छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/215491**

### ढ्याङ्गो र मन्त्रको लयमा बाँचिरहेको एउटा गाउँ

हिमाली गाउँ लुगुमको बीचको चौरमा मानिसहरू जम्मा हुन्छन् । केहीबेरमै ढ्याङ्गोको गुञ्जनले सिंगो गाउँ तरंगित हुन्छ । धूपको सुगन्ध हावामा फैलिन्छ । चराका प्वाँखले सजिएका मुकुट, काँसका घण्टी, परम्परागत गहना र रंगीन पोसाकमा सजिएका झाँक्रीहरू एकपछि अर्को गर्दै चौरमा उत्रिन्छन् । आधुनिक समयसँगै धेरै ठाउँबाट हराउँदै गएको झाँक्री संस्कृति रुकुमपूर्वको भूमे गाउँपालिका-१ लुगुममा भने आज पनि उस्तै जीवित छ । तर झाँक्री, तन्त्रमन्त्र र झारफुकलाई आधुनिक चिकित्सा विज्ञानले पुष्टि गरेको छैन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979533/a-village-living-to-the-rhythm-of-drums-and-chants-photos**

### प्रकृति र संस्कृतिको सुन्दर संगम : ताङतिङ र क्रपु

ताङतिङको पुरानो गुरुङ बस्तीले आफ्नो संस्कृति र परम्परागत संरचना गुमाउँछ कि भन्ने चिन्ता पनि छ । कङ्क्रिटका पर्खाल र छानाले पुराना संरचना विस्थापित गर्दैछन् भने होमस्टेहरू पनि व्यावसायिक होटल जस्तै बन्दै गएका छन् । कास्कीको मादी गाउँपालिका-२ मा पर्ने ताङतिङ गाउँ १ हजार ६६० मिटरको उचाइमा अवस्थित छ । गुरुङ समुदायको बाहुल्य रहेको यस गाउँमा अधिकांश ढुङ्गा, केही टिन र छिटफुट रूपमा खरको छाना भएका चिटिक्क परेका घर छन् । लहरै मिलेका मौलिक घर, परम्परागत पहिरन लगाएका स्थानीयहरू र त्यहाँ रहेका वस्तुभाउको चहलपहलले बस्ती जीवन्त देखिन्छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980922/a-beautiful-confluence-of-nature-and-culture-tangting-and-krapu**

### आकर्षणको केन्द्र बन्दै थारू सङ्ग्रहालय

दाङको दङ्गीशरण गाउँपालिका -३ चखौरामा स्थापना भएको थारू सांस्कृतिक सङ्ग्रहालय घुमफिरसँगै अध्ययन तथा अनुसन्धानका लागि आकर्षणको केन्द्रका रूपमा विकास भइरहेको छ । थारू समुदायसँग कला, संस्कृति, गरगहना, रीतिरिवाज, परम्परा, भेषभुषासँगै जीवनशैली झल्काउने सामग्री अवलोकनसँगै अध्ययन तथा अध्ययनका लागि दैनिक सयौँको सङ्ख्यामा मानिसहरू पुग्ने गरेका छन् । करिव पाँच वर्षअघि स्थापना भएको थारू संग्रहालयमा पूर्वको मोरङदेखि पश्चिम कञ्चनपुरसम्म बसोवास गर्ने थारू समुदायको कला, संस्कृति, गरगहना, रीतिरिवाज, परम्परा, भेषभुषासँगै जीवनशैली झल्काउने सामग्रीहरू राखिएका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/140706**

## धार्मिक गन्तव्य बन्दै निर्णयघाट, १०८ तुलसी मोठ निर्माण

बागलुङ नगरपालिका –१ र सिमामा अवस्थित निर्णयघाटलाई धार्मिक गन्तव्य बनाउन एकसय ८ मोठ बनाइ तुलसी रोपिएको छ । निर्णयघाट मानवसेवा धाम विकास समितिले मानव सेवा आश्रम परिसरको सडक किनारमा बनाएका मोठमा शनिबार तुलसी रोपिएको हो । हरेक व्यक्तिले फरक फरक मठमा तुलसी रोपेको समितिका अध्यक्ष सहदेव राजभण्डारीले जानकारी दिनुभयो । १० हजार ५ सय रुपियाँ तिरेपछि निर्णयघाट मानवसेवा धाम विकास समितिले बनाएको मठलाई उनीहरुले आफ्नो बनाउन पाउने व्यवस्थापन गरिएको थियो । आश्रमले आब्हान गरेपछि स्थानीयले आफ्नै खर्चमा मठ बनाएर तुलसी रोपेका हुन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/216002**

## साउन महिना र यसको महत्व

साउन महिना जताततै हरियालीले भरिने समय हो । वास्तवमा साउन महिना विशेष गरी नीलकण्ठ नारायण र नीलकण्ठ शिवजीलाई पूज्ने महिना हो । विशेष गरी हिन्दू नारीले साउन महिनाको महत्व समाजमा झल्काउँदै आएका छन् । सोमबार शिवजीको व्रत बस्नुपर्छ भन्ने चलन विगतदेखि नै थियो तर साउनको सोमबार व्रत बस्नुपर्छ भन्ने चलन केही वर्ष पहिलादेखि मात्र चलेको हिन्दू महिलाहरू बताउँछन् । साउन महिनामा शिवजीको व्रत बस्ने हरिया र पहैँला कपडा लगाउने गर्छन हाम्रा चलीहरू । बाँकी... स्रोत : **https://www.dcnepal.com/2021/07/269197/**

## साउनको महिमा : धार्मिक दृष्टिले किन सर्वोत्तम र पवित्र मानिन्छ ?

शास्त्रमा साउनलाई मासोत्तम मास अर्थात् सबैभन्दा उत्तम महिना भनिएको पाइन्छ । साउनको सुरुको दिन अर्थात् संक्रान्तिलाई विशेष महत्व दिइएको पाइन्छ किनभने यसै दिनदेखि सूर्य दक्षिणायन हुन्छ र दिन छोटा अनि रात लामा हुन थाल्छन् जुन क्रम माघेसंक्रान्तिसम्म रहन्छ । ज्योतिष विज्ञानअनुसार साउन अर्थात् श्रावण महिनाको पूर्णिमाका दिन आकाशमा श्रवण नक्षत्रको योग निर्माण हुन्छ । त्यसैले यो महिनाको नाम श्रावण रहेको हो । साउन महिनालाई पवित्र महिनाका रूपमा लिने सनातन परम्परा छ । हरिशयनी अर्थात् आषाढ शुक्ल एकादशीदेखि हरिबोधिनी अर्थात् कार्तिक शुक्ल एकादशीसम्मको चार महिने अवधिलाई चतुर्मास भनिन्छ । चतुर्मासभित्र साउन, भदौ, असोज र कार्तिक महिना पर्छन् । यी महिनाहरू शुभ मानिन्छन् । बाँकी...

स्रोत:**https://www.onlinekhabar.com/2021/07/984257/%E0%A4%B8%E0%A4%BE%E0%**

## बैँसीमा गुञ्जियो बेठी र असारे भाका

फिदिम नगरपालिका-५ स्थित मताने बैँसीमा शनिबार बेठी लगाइएको छ । फिदिम-४ का किसान लक्ष्मीप्रसाद चापागाईंले नौमती बाजागाजासहित रोपाहार र बाउसे जुटाएर बेठीसहितको रोपाइँ गर्नुभएको हो । दमाहा बजाउने नौ जनाको समूहले नौमती बजाउँदै हिलोमा पस्दा दर्जनौं रोपाहार र बाउसेहरू हिलोमै नाच्दै रमाएका थिए । कसैले असारे भाका गाए भने कसैले गोरु जोते, अनि कसैले दाँदे र फ्याउरी लगाएर हिलोआली गर्दै हिलो तयार पारे । गाउँदै अनि नाच्दै रोपाइँ गर्दाको दृश्यले यहाँको वातावरण गुञ्जायमान बनेको थियो । रोपाइँमा नौमती बाजासहित चार हल गोरु, ४० रोपाहार, ३० बाउसे र सयौं स्थानीयवासीको सहभागिता थियो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/215981**

## १६ किलोमिटर उल्टो साइकल चलाएर टुटेश्वर महादेवलाई जल अर्पण

१६ किलो मिटर उल्टो साइकल चलाएर महोत्तरीको बर्दिबासका एक स्वास्थ्यकर्मीले मधेसको कैलाश टुटेश्वरका रूपमा परिचित टुटेश्वरनाथ महादेव मन्दिरमा जल अभिषेक गरेका छन् । बर्दिबास नगरपालिका-५ पावनभुमी टुटेश्वर अवस्थित पुरातात्त्विक एव एतिहासिक टुटेश्वरनाथ महादेवको ( शिवलिङ) मा उनले सोमबार जल चढाएका थिए। १२ हजार वर्ष पुरानो रातु नदि सभ्यताको जल चढाउन पुर्व-पश्चिम राजमार्ग हुँदै उनले जल लिएर मन्दिरमा चढाएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजाराम यादवले जनाए। बाँकी... स्रोत : **https://www.annapurnapost.com/story/503881/**

## वृद्धभत्तामा उमेरको उल्झन

वृद्धवृद्धालाई आजसम्म दिइँदै आएको मौद्रिक सहायता आवश्यक छ, तर पूर्ण छैन । आगामी दिनमा आर्थिक सहायतासँगै पारिवारिक हेरचाह, सम्मान, सत्कार, करुणा र सामाजिक सद्भावसहितको एकीकृत सामाजिक सुरक्षा नीति चिरस्थायी मार्ग हुनेछ । विश्व स्वास्थ्य संगठन (२०१४) र नेपालको ज्येष्ठ नागरिकसम्बन्धी ऐन (२०६२) ले ६० वर्ष वा सोभन्दा माथिका नागरिकलाई बुढ्यौली भनी परिभाषित गरेको छ। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/23/age-confusion-in-old-age-allowance-27-52.html**

## जानकी मन्दिरबाट लखेटिए हर्क साम्पाङका कार्यकर्ता

जनकपुरधामस्थित जानकी मन्दिरबाट श्रम संस्कृति पार्टीका कार्यकर्ता लखेटिएका छन् । पार्टी अध्यक्ष हर्कराज साम्पाङलाई स्वागत गर्न आएका नेता/कार्यकर्तालाई हिन्दु सम्राट सेनाका कार्यकर्ताले लखेटेका हुन् । साम्पाङ मंगलबार जानकी मन्दिर दर्शनका लागि जनकपुर आउने कार्यक्रम रहेको थियो । सोही क्रममा उनी आउनुअघि स्वागतका लागि पुगेका पार्टीका नेता/कार्यकर्ता लखेटिएका हुन् । पार्टी कार्यक्रममा सहभागी हुन साम्पाङ जनकपुर आउने तयारीमा छन् । हिन्दु सम्राट सेनाले भने विगतमा गाई काटेर खानुपर्ने अभिव्यक्ति दिएको भन्दै सम्पाङलाई निषेध गर्ने जनाएको छ ।

बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979655/harak-sampang-activists-expelled-from-janaki-temple**

स्रोत : **https://www.ratopati.com/story/578878/activists-who-were-welcoming-hark-sampang-at-janaki-temple-were-chased-away**

## क्वान्टम युगको सन्देश

मानव सभ्यताको इतिहास नियाल्दा एउटा विषय स्थापित छ- मानिस सधैं सत्यको खोजीमा रह्यो । कहिले उसले आकाशका तारामा उत्तर खोज्यो, कहिले नदीको प्रवाहमा, कहिले हिमालयका गुफामा ध्यानस्थ ऋषिको मौनतामा त कहिले प्रयोगशालाका जटिल उपकरणमा। युग बदलिँदै गए, भाषा बदलिँदै गयो तर प्रश्न उही रह्यो- ‘यो ब्रह्माण्ड के हो ? जीवन के हो ? चेतना के हो ? अन्ततः म को हुँ ?’ हजारौं वर्षअघि वैदिक ऋषिहरूले उपनिषद्मार्फत यिनै प्रश्नको उत्तर खोज्ने प्रयास गरेका थिए। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/215888**

## अरुणमा बगेको न्याय

समय आफ्नै लयमा बग्छ । दिनैपिच्छे सूर्य उदाउँछ र अस्ताउँछ । तर, इतिहासका पानाहरूमा कोरिएका केही सत्यहरू भने कहिल्यै अस्ताउँदैनन् । आज हामी इतिहासको त्यही गर्विलो र गह्रौं क्षणमा उभिएका छौं । महामना योगमायाको ८५औं स्मृति दिवस चलिरहेछ । यो दिन केवल भित्तेपात्रोको एउटा मितिमात्र होइन । यो त नेपाली माटोमा रोपिएको सत्य, न्याय र विद्रोहको सबैभन्दा पवित्र बीज हो । अरुण नदीको सुसेलीमा आज पनि उहाँको विद्रोहको त्यो सुमधुर तर विद्रोही धुन सुन्न सकिन्छ।एक शताब्दी लामो राणाशासनको त्यो अँध्यारो युग थियो । बाँकी... स्रोत : **https://www.nepalstatus.com/newss/54994**

## पर्यटन : यथेष्ट लगानी, नियमित प्रतिफल

सुदूरपश्चिम प्रदेशका पर्यटकीय गन्तव्यहरू धार्मिक आस्था, अनुपम प्राकृतिक सौन्दर्य र जैविक विविधताले भरिएका छन् । जस्तो कि, धार्मिक आस्था बोकेको बडिमालिकालाई २१ फागुनको चुनावअघिको सभामा प्रधानमन्त्री वालेन्द्र शाहले 'स्विट्जरल्यान्डको बाउ' भनेका थिए । नेपालको आर्थिक विकासमा सहयोग पुऱ्याउन सक्ने अधिक सम्भावनाको क्षेत्रमध्ये पर्यटन पनि अग्रपंक्तिमा पर्छ । पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म धार्मिक, सांस्कृतिक, प्राकृतिक, साहसिक पर्यटनको अधिक सम्भावना छ । बाँकी...
स्रोत : **https://ekantipur.com/opinion/2026/07/24/tourism-adequate-investment-regular-returns-50-40.html**

## एक वर्षमा १६९ देशका पर्यटक पुगे अन्नपूर्ण क्षेत्र

गत आवमा एक सय ६९ देशका पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने विभिन्न गन्तव्यस्थलको भ्रमण गरेका छन् । सो अवधिमा पाँच लाख आठ हजार चार सय ७६ जना विदेशी पर्यटक यस क्षेत्रमा भित्रिएका हुन् । तीमध्ये दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार एक सय ४५ र अन्य मुलुकका एक लाख २४ हजार तीन सय ३१ रहेका छन् । सबैभन्दा बढी तीन लाख ७५ हजार सात सय ९७ भारतीय पर्यटक यहाँ आएका हुन् । दोस्रोमा चिनियाँ १२ हजार पाँच सय ३९ र तेस्रोमा अमेरिकाका नौ हजार आठ सय ८४ पर्यटक यहाँ आएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979590/tourists-from-169-countries-reached-annapurna-region-in-one-year**

## कोरलाबाट तिब्बत यात्रा : प्रचार धेरै, तयारी कमजोर

मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ स्थित कोरला नाकाको अध्यागमन (इमिग्रेसन) कार्यालय सञ्चालनमा आएको दुई वर्ष बितिसक्दा पनि आवश्यक पूर्वाधार र जनशक्तिको अभाव देखिएको छ। चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएको यो नाकाबाट आर्थिक तथा धार्मिक पर्यटन विस्तारको सम्भावना औँल्याइए पनि व्यवहारमा भने कार्यालय प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन । कोरला नाकास्थित अध्यागमन कार्यालयबाट पहिलोपटक मुस्ताङका १३ जना जनप्रतिनिधि तिब्बत भ्रमणमा गएको नौ महिना बितिसकेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/215773**

## अन्नपूर्ण क्षेत्रमा एक सय ६९ देशका पर्यटकले गरे भ्रमण

गत आवमा एक सय ६९ देशका पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने विभिन्न गन्तव्यस्थलको भ्रमण गरेका छन् । सो अवधिमा पाँच लाख आठ हजार चार सय ७६ जना विदेशी पर्यटक यस क्षेत्रमा भित्रिएका हुन् । तीमध्ये दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार एक सय ४५ र अन्य मुलुकका एक लाख २४ हजार तीन सय ३१ रहेका छन् । सबैभन्दा बढी तीन लाख ७५ हजार सात सय ९७ भारतीय पर्यटक यहाँ आएका हुन् । दोस्रोमा चिनियाँ १२ हजार पाँच सय ३९ र तेस्रोमा अमेरिकाका नौ हजार आठ सय ८४ पर्यटक यहाँ आएका हुन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/578817/tourists-from-169-countries-visited-the-annapurna-region**

## इलामे चियाबारीले लोभ्याउँदै पर्यटक

इलामको दोस्रो नामजस्तै छ चिया । हुन त पर्यटक लोभ्याउने गन्तव्य इलाममा चियाबारी मात्रै होइन, अरू पनि छन् तर बाहिरका पर्यटकलाई इलाम घुम्ने भन्नेबित्तिकै सबैभन्दा पहिला सम्झनामा आउने भनेको चियाबारी नै हो । इलामको चियाबारी भनेर धेरैले कन्याम सुनेका हुन्छन् । हुन पनि हो, कन्याम चियाबारी मेची राजमार्गमै परेकाले पनि यसले धेरैलाई लोभ्याउँछ नै । तर पछिल्लो समय नेपालकै सुन्दर चियाबारीमा गणना हुने देउमाई नगरपालिकास्थित पानीटार चियाबारी घुम्न आउनेको संख्या बाक्लो छ । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/economy/elames-tea-plantations-attract-tourists-br-92-39.html**

## चक्रीय अन्नपूर्ण पदमार्गमा एकै वर्ष ४० हजार पर्यटक नाघे

नेपालको पर्यटकीय गन्तव्य मध्ये एक चक्रीय अन्नपूर्ण पदमार्गमा पर्यटक आगमन बढेको छ । आर्थिक वर्ष २०८२/०८३ मा चक्रीय अन्नपूर्ण पदमार्गमा ४० हजार ३ सय ७७ जना पर्यटक भित्रिएका छन् । एक्यापका अनुसार वर्षभरि आएका पर्यटकमध्ये २४ हजार ७ सय ३१ पुरुष, १५ हजार ६ सय ३३ महिला र १३ जना लैंगिक पहिचान नखुलेका छन् । अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा ३७ हजार ३ सय ३६ जना पर्यटक भित्रिएका थिए । बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/21/annapurna-circuit-trek-attracts-over-40000-tourists-in-a-single-year-44-59.html**

## सुदूरका गन्तव्यमा पूर्वाधार नहुँदा रोकिन्छन् पर्यटक

असारको एक बिहान साइपाल गाउँपालिकाको जाडलेकसम्मको कच्ची सडकमा धूलो उडाउँदै एउटा जिप उकालो लागिरहेको थियो। जिपमा बझाङ, धनगढी र डडेलधुराबाट आएका आन्तरिक पर्यटक थिए। उनीहरूको गन्तव्य थियो- साइपाल हिमालको दक्षिणी बेसक्याम्प, औलागाड, पश्चिमी बेसक्याम्प राइढुगी हुँदै हिमालले घेरेको माजा उपत्यका। सामाजिक सञ्जालमा देखेको मनमोहक दृश्य आँखा अगाडि हेर्ने उत्साह उनीहरूमा थियो। धलौनबाट सुरु भएको पदयात्रा काकरकोट हुँदै दक्षिणी र पश्चिमी बेसक्याम्पसम्म सहजै पुग्यो। बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/07/23/tourists-are-stranded-in-remote-destinations-due-to-lack-of-infrastructure-28-28.html**

## काठमाडौं उपत्यकाबाट हिमाल दर्शन

केही दिनको वर्षा र बाक्लो बादलका कारण धुम्मिएको काठमाडौं उपत्यकाको आकाश आज भने खुलेको छ । बिहानैदेखि पारिलो घाम लाग्दा उपत्यकाको मौसम सफा देखिन्छ । यद्यपि आकाशमा हल्का बादल भने अझै छरिएका छन् । मौसम खुलेसँगै उपत्यकाका विभिन्न स्थानबाट उत्तरी हिमशृङ्खला स्पष्ट रूपमा देखिएको छ । हरियालीले ढाकिएका वरपरका डाँडाकाँडा पनि वर्षापछिको सफा वातावरणमा आकर्षक देखिएका छन् । सफा मौसमका कारण सर्वसाधारणले लामो समयपछि हिमालको दृश्य अवलोकन गर्न पाएका छन् । वर्षाले धुलो-धुवाँ पखालिदिँदा दृश्यता बढेको छ भने उपत्यकाको प्राकृतिक सौन्दर्य पनि झन् उजागर भएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980900/view-of-the-himalayas-from-kathmandu-valley-photos**

## माउन्ट एल्ब्रसमा चतुर तामाङको २००औं सफल आरोहण

नेपाली पर्वतारोही तथा माउन्टेन गाइड चतुर तामाङले युरोपको सबैभन्दा अग्लो हिमाल माउन्ट एल्ब्रस (५,६४२ मिटर) २०० पटक सफलतापूर्वक आरोहण गर्दै नेपाली पर्वतारोहण क्षेत्रमा नयाँ इतिहास रचेका छन् । रुसको स्थानीय समयअनुसार शनिबार बिहान ६:२० बजे एल्ब्रसको शिखरमा पुगेसँगै उनले यो ऐतिहासिक उपलब्धि हासिल गरेका हुन् । एउटै हिमाल २०० पटक सफलतापूर्वक आरोहण गर्नु विश्व पर्वतारोहणमै दुर्लभ उपलब्धिका रूपमा लिइन्छ । बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/26/chatur-tamangs-200th-successful-ascent-of-mount-elbrus-53-32.html**

## भरियाको विश्व कीर्तिमानी यात्रा

कीर्तिमान बनाउन आत्मविश्वास, अदम्य साहस, दृढ संकल्प अनि निरन्तरको मेहनत चाहिन्छ । उच्च जोखिम मोलेर गरिएको साहसिक कार्यले सफलता प्राप्त गरेपछि मात्रै इतिहास निर्माण हुन्छ । हो, उनको हकमा पनि यही कुरा मेल खायो । सुगम वा सहरी क्षेत्रमा भएको भए ११-१२ वर्षको कलिलो उमेरमा उनलाई पाठ्यपुस्तकको भारले थिच्थ्यो होला, तर उनलाई भने पर्यटकको गहकिलो झोला र भारीले थिच्यो । यद्यपि, उनी भागेनन् । लामो समय निरन्तर भारी बोकिरहे। अन्ततः त्यही क्षेत्रबाट परिष्कृत हुँदै उनले सफलता हासिल गरे । उनले राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रख्याति मात्रै कमाएनन्, पृथक् विधामा विश्व कीर्तिमान नै कायम गरे । बाँकी... स्रोत : **https://www.annapurnapost.com/story/504180/**

## रातो पहाडभित्र लुकेको गुफा हेर्नका लागि पदमार्ग

उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-२, ढाकमरका रङ्गिएका चट्टानमा सजिएका मानव निर्मित गुफा क्षेत्रमा स्थानीयको लगानीमा बौद्धको मूर्तिसहितको आकर्षक पार्क छ । ढाकमर क्षेत्रमा रहेका गुफाहरूको अवलोकन गर्न आउने पर्यटकलाई सहज हुनेगरी चिटिक्कको पदमार्गसहितको पूर्वाधार बनेको छ । केहीबर्ष अगाडिसम्म गुफाको अवलोकनका लागि जाने पर्यटकले हत्केलामा ज्यान राखेर भिरमा हिँड्नुपर्ने बाध्यता रहेकोमा अब पदमार्गबाट सजिलै गुफाभित्र प्रवेश गर्न सकिन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/216008**

## पर्यटकीय महत्वका ३५ स्थान चयन

म्याग्दीको मालिका गाउँपालिका भित्र पर्यटकीय महत्वका ३५ स्थान चयन गरी घोषणा गरिएको छ । मालिका गाउँपालिका तथा म्याग्दी उद्योग बाणिज्य संघ मालिका गाउँपालिका बजार इकाइले पालिकाभित्रका ७ वटै वडामा पर्ने ३५ स्थानलाई पर्यटकीय महत्वका स्थानको रुपमा चयन गरेको हो । मालिका गाउँपालिका, म्याग्दी उद्योग बाणिज्य संघ मालिका बजार इकाइ र आन्तरिक राजस्व कार्यालय बागलुङको संयुक्त आयोजनामा मालिका गाउँपालिकाको केन्द्र दरवाङमा साउन ९ गते शनिबार आयोजित करदाता शिक्षा तथा स्थान घोषणा कार्यक्रममा गाउँपालिका भित्रका स्थानहरुको नाम तथा विभिन्न स्थानहरुको तस्विरसहितको पोष्टर सार्वजनिक गर्दै पर्यटकीय स्थलहरुको नाम घोषणा गरिएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/216041**

## एक वर्षमा भित्रिए १२ लाख पर्यटक, २५ प्रतिशत भारतीय

आर्थिक वर्ष २०८२/८३ मा नेपालमा १२ लाख ९ हजार ३५७ विदेशी पर्यटक भित्रिएका छन् । नेपाल पर्यटन बोर्डका अनुसार सबैभन्दा धेरै ३ लाख ११ हजार ५३१ पर्यटक भारतबाट आएका छन् भने संयुक्त राज्य अमेरिकाबाट १ लाख ११ हजार ३२५ र चीनबाट १ लाख ९ हजार ८९२ पर्यटक नेपाल आएका छन् । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको अन्तर्राष्ट्रिय पर्यटक आगमनको तथ्यांकअनुसार भारत नेपालको सबैभन्दा ठूलो स्रोत बजार बनेको छ । कुल आगमनमध्ये भारतको हिस्सा करिब २५.७६ प्रतिशत रहेको छ । भारतपछि अमेरिका (१११,३२५) दोस्रो तथा चीन (१०९,८९२) तेस्रो प्रमुख स्रोत बजारका रूपमा रहेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1982565/1-2-million-tourists-entered-in-one-year-25-percent-of-them-indians**

## भारतमा कुद्यो हाइड्रोजन रेल, नेपालमा पनि बढ्यो चासो

सरकारले ग्रिन हाइड्रोजनको व्यावसायिक उत्पादन प्रारम्भिक तयारी गर्ने नीति लिएको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा नेपालमै ग्रिन हाइड्रोजनको व्यावसायिक उत्पादनको प्रारम्भिक तयारी अघि सारिएको छ। अर्कोतिर हाइड्रोजनमा आधारित सवारीको सुरक्षित, दिगो तथा प्रभावकारी विकास, सञ्चालन र नियमन गर्न नीतिगत, कानुनी तथा प्राविधिक आधारबारे बहस चलिरहँदा भारतले भने 'हाइड्रोजन रेल' सञ्चालनमा ल्याइसकेको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/20/hydrogen-train-runs-in-india-interest-increases-in-nepal-too-23-00.html**

## के भइरहेछ दिल्लीको मुटुमा ?

सोमबार देशको राजधानी दिल्लीको मुख्य भाग सेन्ट्रल दिल्ली दिनभर अशान्त रह्यो। कुरा कनाट प्लेस (सीपी), जनपथ वा जन्तर-मन्तरको होस्, जताततै हजारौं युवाको भीड मात्रै देखिन्थ्यो । धेरै ठाउँमा मेट्रो स्टेसन र सडकहरू बन्द गरिएका थिए, तैपनि तमाम कठिनाइहरू पार गर्दै युवाहरू सोमबार बिहानैदेखि जन्तर-मन्तर पुग्न प्रयासरत थिए । हातमा लाठी लिएका प्रहरी र अश्रुग्यासको प्रहारका बाबजुद यी युवाहरू बिहानदेखि साँझ अबेरसम्म जन्तर-मन्तरमा डटिरहेका थिए । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/578816/what-is-happening-in-the-heart-of-delhi**

## किन फरक छ दिल्लीको विद्यार्थी आन्दोलन ?

भारतको दिल्लीमा परीक्षा प्रश्न पत्र चुहावटको विरोधबाट सुरु भएको विद्यार्थी आन्दोलन अहिले देशको शिक्षा प्रणाली, संस्थागत जबाफदेहिता र प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको शासन शैलीमाथि प्रश्न उठाउने व्यापक जनआन्दोलनका रूपमा विकसित भएको छ । संसद भवन नजिक सोमबार गरिएको विशाल प्रदर्शनपछि यस आन्दोलनले देशभर चर्चा पाएको छ। द वायरले आफ्नो विश्लेषणमा यस आन्दोलन किन अघिल्ला आन्दोलनभन्दा फरक छ र यसले मोदी सरकारलाई किन असहज बनाएको छ भन्ने सात प्रमुख कारण प्रस्तुत गरेको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/578822/why-is-the-delhi-student-movement-different**

## जेनजी प्रदर्शनको सफलतासँगै भारतमा बढ्दै सरकारविरोधी स्वर

भारतीय राजनीतिमा विगत एक महिनादेखि चलिरहेको युवाहरूको आन्दोलनले ऐतिहासिक सफलता हात पारेको छ। नीट प्रश्नपत्र चुहावट प्रकरणबाट सुरु भएको 'कक्रोच जनता पार्टी (सीजेपी)' को आन्दोलन र त्यसपछिको चौतर्फी दबाबका कारण अन्ततः शनिबार केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिए। मोदी सरकारको १२ वर्षे कार्यकालमा जनदबाबका कारण कुनै मन्त्रीले राजीनामा दिएको यो दुर्लभ घटना हो। सर्वोच्चका न्यायाधीशको चिन्ता: 'वैध गतिविधि पनि अपराध बन्न थाले',। भातरको सर्वोच्च अदालतका एक न्यायाधीशले भारतमा असहमति जनाउने ठाउँ साँघुरिँदै गएको भन्दै चिन्ता व्यक्त गरेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1982520/anti-government-voices-grow-in-india-with-the-success-of-the-genji-protests**

## भारतीय शिक्षामन्त्री प्रधानको राजीनामापछि जन्तर-मन्तरमा खुसीयाली, प्रधानले के भने ?

भारतीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले शनिबार राजीनामा दिएपछि ककरोच जनता पार्टी (सीजेपी) ले यस कदमलाई विद्यार्थी आन्दोलनको जितका रूपमा मनाएको छ । सामाजिक सञ्जाल एक्समा एउटा पोस्ट सेयर गर्दै उक्त पार्टीले लेखेको छ, 'विद्यार्थी शक्ति अमर रहोस्।' खास गरी निट-युजी प्रश्नपत्र बाहिरिएको र परीक्षामा देखिएको अनियमिततालाई लिएर उनको राजीनामा माग्दै दिल्लीमा हप्तौंदेखि भइरहेको विशाल विद्यार्थी प्रदर्शनपछि प्रधानले शनिबार राजीनामा दिएका हुन्। बाँकी...

स्रोत : **https://nepallive.com/story/347714**

## किन खुसुक्क भारत गए कुमार बेन ?

प्रधानमन्त्री बालेन्द्र शाहका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार (बेन) गोप्य रूपमा नयाँदिल्ली गएको खुलेको छ । भ्रमणका क्रममा उनले भारतीय विदेश मन्त्रालयका वरिष्ठ अधिकारीसँग भेटवार्ता गरेका थिए। बेनको नयाँदिल्ली भ्रमण र भेटवार्ताबारे बुधबार 'नेपालखबर डटकम' ले समाचार प्रकाशित गरेको छ। समाचारमा उनले भारतीय विदेश मन्त्रालयका वरिष्ठ अधिकारीसँगै राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि भेटवार्ता गरेको दाबी गरिएको छ । कान्तिपुरले पनि यसखाले भ्रमणको चर्चा पछ्याइरहेकाले प्रमुख सल्लाहकार बेनसँग चासो राखेको थियो। तर उनले आफू भारत गएको र भारतीय सरकारका वरिष्ठ अधिकारीसँग भेट भएको विषयलाई अस्वीकार गर्दै आएका छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/07/23/why-did-kumar-ben-go-to-india-so-suddenly-53-36.html**

## मध्यरातमा मोदीको भिडियो सन्देश: पेपर लिकविरुद्ध कडा कानुन ल्याउने घोषणा

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार मध्यराति पेपर लिकविरुद्ध कडा सजायको व्यवस्था गर्ने नयाँ कानुन ल्याइने घोषणा गरेका छन् । यससम्बन्धी मस्यौदामाथि शुक्रबार मन्त्रिपरिषद् बैठकमा छलफल हुने र स्वीकृतिपछि आगामी साता संसद्मा प्रस्तुत गरिने उनले बताएका छन् । कानुनलाई सकेसम्म छिटो पारित गराउने सरकारको तयारी छ । मोदीले राति १२ बजे आफ्नो एक्स अकाउन्टमार्फत् २ मिनेट ५६ सेकेन्डको भिडियो सन्देश सार्वजनिक गर्दै पेपर लिक सामान्य विषय नभएको बताए । बाँकी...

स्रोत : **https://ekantipur.com/world/2026/07/24/modis-midnight-video-message-announcement-of-strict-laws-against-paper-leaks-24-56.html**

## विद्युत् निर्यातबाट नेपालले कमायो २९ अर्ब ३२ करोड

नेपाल विद्युत् प्राधिकरणले आर्थिक वर्ष २०८२/०८३ मा क्रस-बोर्डर विद्युत् आयात-निर्यातमा नयाँ कीर्तिमान कायम गरेको छ। आर्थिक वर्ष २०८२/०८३ मा भारत तथा बङ्गलादेशतर्फको विद्युत् निर्यातबाट नेपालले कुल २९ अर्ब ३२ करोड ४७ लाख रुपैयाँ आम्दानी गरेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ६७.९६ प्रतिशतले बढी हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/215596**

## मल किन्न गएका किसान दाजुभाइ २० दिनदेखि भारतीय जेलमा

विगतका वर्षझैं हुन्थ्यो भने यतिबेला बलरा नगरपालिका-५ सर्लाहीका ५५ वर्षीय सुरेशप्रसाद सिंह र ६० वर्षीय नागेन्द्रप्रसाद सिंहले साढे २ बिघा खेतमा रोपाइँ सकिसकेका हुन्थे। यसपालि खेत बाँझो मात्र छैन, यी दुई किसान दाजुभाइ २० दिनदेखि भारतीय जेलमा छन्। सरकारले मल दिन नसकेपछि भारतीय सीमावर्ती बजार सोनवर्षाबाट खरिद गरेर ल्याएको २ बोरा युरिया र ६ बोरा डीएपीसहित उनीहरूलाइ पक्राउ गरिएको थियो। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/21/farmer-brothers-who-went-to-buy-fertilizer-have-been-in-indian-jail-for-20-days-04-33.html**

## २०० र ५०० दरका भारु नोट विधिवत् चलनचल्तीमा

नेपाल राष्ट्र बैंकले २०० र ५०० दरका भारतीय नोट विधिवत रुपमा प्रयोग गर्न सकिने व्यवस्था गरेको छ । केन्द्रीय बैंकले आवश्यक प्रक्रियागत व्यवस्था गरेर ती नोटको प्रयोग पनि खुला गरेको हो । केन्द्रीय बैंकका अनुसार २०१६ नोभेम्बर ९ पछि निष्कासन भएका ५ सयसम्मका भारु नेपाल ल्याउन वा भारत लैजान सकिने व्यवस्था भएको छ । नेपाली बजारमा ५ सय सम्मका भारुको कारोबार गर्न सकिने र ती दरका नोट बैंकहरूले पनि सहज सटही लिने व्यवस्था केन्द्रीय बैंकले गरिदिएको हो । बिहीबार केन्द्रीय बैंकले निर्देशन जारी गर्दै नेपाल सरकारको निर्णय कार्यान्वयन गर्नेगरी भारुको प्रयोग खुलाएको हो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1981450/200-and-500-rupee-notes-in-legal-circulation**

## लोकतन्त्रको कोखमै कसरी हुर्कन्छ अधिनायकवाद !

लोकप्रिय मतले सरकार बनाउन सक्छ, तर लोकतन्त्र टिकाउने आधार लोकप्रियता होइन- विधिको शासन, उत्तरदायित्व र संस्थागत मर्यादा हुन् । उद्देश्य सही भए प्रक्रिया मिच्न पाइन्छ भन्ने यो नजिर आफैंमा अधिनायकवादतर्फको खतरनाक खुड्किलो हो । मतपत्र अर्थात् ब्यालेटले जनताको सामूहिक विवेकलाई राज्य सञ्चालनको वैधानिक सत्तामा रूपान्तरण गर्छ। त्यसैले त लोकतान्त्रिक प्रणालीमा ब्यालेटलाई हिंसा र बन्दुकको बुलेट विरुद्ध चेतना, न्याय र शान्तिको सबैभन्दा शक्तिशाली हतियार मानिन्छ। यो नागरिकले आफ्नो भाग्य र भविष्य आफैं कोर्ने संवैधानिक औजार हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980168/how-does-dictatorship-grow-in-the-womb-of-democracy**

## समाजवादको नयाँ बाटो : मार्क्सवाद र बुद्ध दर्शन बीच संवाद

मार्क्सवादलाई बुद्ध दर्शनसँग मिश्रण गर्नु होइन; बरु मानव सभ्यताका उत्कृष्ट वैचारिक उपलब्धिहरूसँग सिर्जनात्मक संवाद गर्दै समाजवादी आन्दोलनको वैचारिक क्षितिजलाई फराकिलो बनाउनु हो । विश्वको एक तिहाइ भूभागमा आफ्नो प्रभाव स्थापित गरेको कम्युनिस्ट आन्दोलन आजको समयमा आइपुग्दा अत्यन्त रक्षात्मक अवस्थामा पुगेको छ। यस्तो किन भयो भन्ने तथ्यपरक विश्लेषण र भविष्यमा त्यसको पुनरावृत्ति नहुने वैचारिक आधार निर्माण गर्नु आजको प्रमुख चुनौती हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1981655/a-new-path-to-socialism-a-dialogue-between-marxism-and-buddhist-philosophy**

## जेन-जी र बीपी : दुई पुस्ताबीचको वैचारिक 'कनेक्ट'

हरेक वर्ष साउन ६ गते हामी बीपी कोइरालालाई सम्झिन्छौं । उनको राजनीतिक योगदान, प्रजातान्त्रिक समाजवाद र साहित्यिक उचाइको चर्चा गर्छौं । तर, आज २०८३ (सन् २०२६) को नेपालमा यो चर्चा गरिरहँदा एउटा गम्भीर प्रश्न उठ्छ, 'के आजको नयाँ पुस्ता अर्थात् 'जेन-जी' का लागि बीपी सान्दर्भिक छन् ? इन्टरनेटको स्पिडमा दौडिरहेको, रिल र टिकटकका १५ सेकेन्डमा संसार नियालिरहेको र देशको अव्यवस्थाबाट विरक्तिएर 'नो नट अगेन' भन्दै विकल्प खोजिरहेको आजको पुस्तालाई बीपीका ठेली र पुराना भाषणले कत्तिको छुन्छ होला ? बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/22/gen-g-and-bp-the-ideological-connect-between-two-generations-13-32.html**

## जेन-जी आन्दोलनमा खटिएका सुरक्षाकर्मीमाथि कारबाही सिफारिस प्रतिवेदन अलपत्र

२३ र २४ भदौका घटना जाँचबुझ आयोगले सुरक्षकर्मीलाई गरेको कारबाही सिफारिसबारे अध्ययन गर्न गठित समितिको प्रतिवेदन अलपत्र परेको छ। समितिका पदाधिकारीले २५ असारमै गृहमन्त्री सुधन गुरुङलाई भेटेर प्रतिवेदन बुझाउन खोजेका थिए। तर उनले प्रधानमन्त्री वालेन्द्र शाहसमक्ष बुझाउनू भन्ने जवाफ दिए। त्यसपछि प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउन खोज्दा समितिले समय नै पाएको छैन। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/07/20/report-recommending-action-against-security-personnel-deployed-in-gen-g-movement-stalled-54-17.html**

## पुष्पलालको वैचारिक मार्गदर्शनमा कम्युनिस्ट आन्दोलनको पुनर्गठन

पुष्पलाल श्रेष्ठ नेपाली कम्युनिस्ट आन्दोलनका सदाबहार वैचारिक व्यक्तित्व हुनुहुन्छ । उहाँले केवल एउटा राजनीतिक दलको नेतृत्व गर्नुभएन, नेपाली क्रान्तिको वैचारिक दिशा निर्धारण गर्नुभयो । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव, नेपाली समाजका पहिलो वैज्ञानिक मार्क्सवादी विश्लेषक, क्रान्तिका सिद्धान्तकार तथा लोकतान्त्रिक गणतन्त्रका दूरदर्शी चिन्तकका रूपमा उहाँ सम्पूर्ण नेपाली कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनको साझा वैचारिक सम्पत्ति हुनुहुन्छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/579321/reorganization-of-the-communist-movement-under-the-ideological-guidance-of-pushpalal**

## सरकारले फिर्ता लियो शिक्षा र स्वास्थ्य कर

चौतर्फी विरोध भएपछि सरकारले शिक्षा र स्वास्थ्यमा लगाएको ३ प्रतिशत समता कर फिर्ताको घोषणा गरेको छ। प्रधानमन्त्री वालेन्द्र शाहले मंगलबार सामाजिक सञ्जालमार्फत कर फिर्ता लिइएको घोषणा गरेका हुन्। प्रधानमन्त्रीले सामाजिक सञ्जालमा घोषणा गरे पनि त्यसको कानुनी मान्यताका लागि निश्चित प्रक्रिया अपनाउनुपर्नेछ। सरकारले मन्त्रिपरिषद् हुँदै संसद्को दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रिय सभा) बाट पारित गराएर लागू गरेको कर फिर्ताका लागि पनि सोही प्रक्रिया अपनाउनुपर्ने कानुनी व्यवस्था हुन्छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/22/the-government-has-withdrawn-education-and-health-taxes-52-36.html**

## शासकीय सुधारको बालेन मोडलसँग तर्सिएको वृत्त

प्रधानमन्त्रीमा कान्छो युवा बालेनलाई अपरिपक्व देखाउन केही वृत्त सक्रिय छ। बालेन-सरकारले 'सिस्टम' मा बसेर रजाइ गरेका र तिनका आसेपासे भई प्रणालीबाट लाभ लिएकालाई त्राहीत्राही पारेको छ। हिजो गलत कार्य गरी प्रमाण लुकाउन उद्यत व्यक्ति आज जेल परिने त्रासले तर्सिएका छन्। केही समयअघि 'कान्तिपुर' मा लेखक तथा विश्लेषक विष्णु सापकोटाको 'डिपार्चरसँग तर्सिएको परम्परावादी वित्त' लेख प्रकाशित भयो। लेखमा विभिन्न टीकाटिप्पणीसमेत आयो। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/20/a-circle-of-fear-over-the-balen-model-of-governance-reform-35-23.html**

## सिँचाइमा नयाँ प्रविधि

बर्सौंदेखि आकासे पानीको भरमा खेती गरिरहेका जुम्लावासीका लागि अब नयाँ आशाको ढोका खुलेको छ। सिँचाइ अभावले बाँझिँदै गएका खेतबारी अब वर्षभरि हराभरा हुने स्थानीयले अपेक्षा गरेका छन्। डेढ करोड रुपियाँ लागतको आधुनिक सौर्य लिफ्ट सिँचाइ आयोजना सञ्चालनमा आएपछि हिमा गाउँपालिकाका किसान लाभान्वित हुने आशा गरिएको छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना मुगुका प्रमुख तेजनारायण महतोले आयोजनाको उद्घाटन गर्नुभएसँगै यस क्षेत्रमा किसानले लामो समयदेखि भोग्दै आएको सिँचाइको समस्या अन्त्य हुने विश्वास गरिएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/215764**

## 'स्टार्टअप' लाई मलजल

सरकारले गर्नुपर्ने केही काम छन् । जस्तो कि, स्टार्टअपका लागि पुँजीको प्राप्ति र लगानीमा सहजीकरण गर्नु, पूर्वाधार विकास गरिदिनु र कानुनलाई 'स्टार्टअप' मैत्री बनाइदिनु । मानव जीवन र प्रविधिबीचको निकटता अहिले उत्कर्षमा पुगेको छ । जीवन निर्वाहका क्रममा हरेक दिन मानिसले प्रविधिको भरथेग पाउँदै आएको छ । शिक्षादेखि उपचारसम्म, मनोरञ्जनदेखि सूचनासम्म प्रविधि जोडिएको छ । अर्कोतर्फ, प्रविधि क्षेत्रमा नयाँ-नयाँ विकास गर्न मानिस प्रयत्नशील छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/22/startup-is-a-waste-of-water-48-47.html**

## ८१ वर्षीया रेवता भन्छिन यो सरकारले मेरो छोराको हत्यारा पत्ता लगाइदिन्छ भन्ने आशा छ

१६ वर्ष भयो, रेवता धिताल हरेक साउन ६ गते दाङ, तुलसीपुर-६ स्थित त्रिशिद्धेश्वरी राप्ती यातायात प्रालिको केन्द्रीय कार्यालय पुग्छिन् । ८१ वर्षीया रेवता बुधबार बिहान पनि सहयोगीका साथ कार्यालय पुगिन् । त्यहाँको प्रांगणमा एक शालिक छ । त्यो शालिक हो उनका जेठा छोरा देवीप्रसाद धिताल (हेमराज) को । बुधबार रेवताले शालिकमा माल्यार्पण गरिन् । शीर निहुर्‍याएर ढोगिन् । आँखाबाट आँसु टप्किहाले । नजिकैको कुर्सीमा अरूको सहयोगमा बसिन् । राप्ती समितिले कार्यालयको प्रांगणमा लहरै पूर्वअध्यक्षहरूको अर्धकद शालिक स्थापना गरेको छ । २०६७ साउन ६ गते गोली हानी हत्या हुँदा हेमराज समितिका अध्यक्ष थिए । बाँकी... स्रोत : **https://www.setopati.com/social/394214**

## सर्वोच्चको व्याख्या- विदेशीसँग बिहे गरेकै कारण वंशजको नागरिकता नरोक्नु

सर्वोच्च अदालतले विदेशी नागरिकसँग बिहे गरेको आधारमा मात्रै नेपाली बाबुआमाको छोरीलाई वंशजको नागरिकताबाट बञ्चित गर्न नहुने व्याख्या गरेको छ । आफ्नो नागरिकताको प्रमाणपत्र नलिँदै विदेशीसँग बिहे गरेकी एक युवतीको मुद्दामा सर्वोच्च अदालतले विदेशी नागरिकहरुसँग बिहे गर्ने नेपाली महिलाहरूले संविधानतः वंशजको नागरिकता नै पाउने व्याख्या गरेको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980084/supreme-courts-explanation-do-not-deny-citizenship-to-descendants-just-because-they-marry-a-foreigner**

## सिक्काबाट नेपालको चुच्चे नक्सा हटाउन लागिएको हो ?

एक रुपैयाँको सिक्कामा नेपालको नक्सा हटाएर मुस्ताङको घार गुम्बाको तस्वीर राख्ने गरी नेपाल राष्ट्र बैंकले स्वीकृतिका लागि पठाएको डिजाइनलाई मन्त्रिपरिषद्ले फिर्ता गरिदिएको छ । नेपाल राष्ट्र बैंकले एक रुपैयाँको सिक्कामा नेपालको सबैभन्दा पुरानो गुम्बा मुस्ताङको घार गुम्बा राख्ने गरी नेपाल राष्ट्र बैंकको नोट तथा सिक्का डिजाइन समितिले नयाँ डिजाइन तयार पारेको थियो । पद्मसम्भवले स्थापना गरेको १४ सय वर्ष पुरानो घार गुम्बा नेपालको सबैभन्दा पुरानो गुम्बा मानिन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979170/is-the-map-of-nepal-being-removed-from-the-coin**

## परराष्ट्रको भूमिकामा विश्वव्यापी रूपान्तरण

'हिजो सैनिक र व्यापारिक सम्बन्ध परराष्ट्र मामिलाको प्रमुख क्षेत्र हुँदा देशभित्र सीमित मन्त्रालयसँगको सहकार्य पर्याप्त हुन्थ्यो। अहिले नितान्त नयाँ विषय परराष्ट्र सम्बन्धका प्रमुख विषय बन्न पुगेका छन्। अन्य मन्त्रालय, कार्यालय र निकायको प्राविधिक ज्ञान र प्रत्यक्ष सहजीकरणबिना परराष्ट्र मन्त्रालय एक्लैले वार्ता अगाडि बढाउन नै कठिन हुने अवस्था सिर्जना भएको छ। विश्वव्यापी रूपमा आजभन्दा दुई-तीन दशकअगाडिको तुलनामा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समाचारमा परराष्ट्र मन्त्रालय र परराष्ट्रमन्त्रीका बारेमा जति धेरै (र प्राथमिकताका साथ) समाचार आउँथे, अहिले कम भएको जस्तो भान हुन्छ। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/20/global-transformation-in-the-role-of-foreign-affairs-10-48.html**

## अर्थसम्बन्धी प्रधानमन्त्रीका बैठकमा अर्थमन्त्री किन गयल ?

प्रधानमन्त्री बालेन्द्र शाहले विगत केही सातादेखि निजी क्षेत्रका प्रतिनिधिहरु निरन्तर छलफल गरिरहेका छन् । नजी क्षेत्रका विभिन्न संघसंस्थाका प्रतिनिधिहरु प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्रीसँग कुराकानी गरिरहँदा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको खोजी गर्छन् । तर, कुनै पनि बैठकमा अर्थमन्त्री डा. वाग्ले उपस्थित छैनन् । ' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979495/why-was-the-finance-minister-absent-from-the-prime-ministers-meeting-on-finance**

## सेयर बजारका सरोकारवालासँग प्रधानमन्त्रीको एक घण्टा, लगानीकर्तालाई सुधारको आश्वासन

प्रधानमन्त्री बालेन शाहले सोमबार पुँजीबजारमा सरोकारवाला पक्षहरूका कुरा सुनेका छन्। लगानीकर्ताको मनोबल कमजोर हुनुको कारण खोजेका प्रधानमन्त्रीले करिब एक घण्टा सुनेर बाहिरको हल्लामा विश्वास गरेर लगानीको निर्णय नगर्न सुझाउँदै फिर्ता पठाएका हुन् । प्रधानमन्त्रीले आफ्नै कार्यकक्षमा बोलाएर धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, धितोपत्र ब्रोकर, संस्थागत लगानी तथा व्यक्तिगत लगानीकर्तासँग छलफल गरेका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979487/prime-ministers-one-hour-meeting-with-stock-market-stakeholders-assures-investors-of-reforms**

## पहिलो गोली अब सीमामा होइन, फेसबुकमा चल्छ

जेन-जी आन्दोलनलगायत पछिल्ला सार्वजनिक घटनाक्रममा नेपाली सेनाको नाम जोडेर विभिन्न घटना र राजनीतिक बहससँग सम्बन्धित अपुष्ट दाबीहरू सामाजिक सञ्जालमा फैलिएका छन् । जसले गर्दा आधिकारिक सूचना आउन ढिलाइ हुँदा सूचना शून्यता सिर्जना हुने र त्यसलाई अनुमान तथा दुष्प्रचारले भरिदिने जोखिम बढ्दो छ। पहिले युद्धको पहिलो गोली सीमामा चल्थ्यो, अहिले पहिलो गोली फेसबुकमा चल्छ। केही मिनेटमै एउटा भिडियो, एउटा तस्बिर वा एउटा अपुष्ट सूचनाले लाखौं मानिसको धारणा निर्माण गरिदिन्छ। त्यसपछि सम्बन्धित संस्था बोल्छ। तर त्यतिबेलासम्म सार्वजनिक बहसको दिशा धेरै हदसम्म तय भइसकेको हुन्छ। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/21/778355/**

## प्रदेश सरकारमा वाम सहकार्यको जोडबल

कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले प्रदेश सरकारहरू हेरफेर गर्दा प्रतिपक्षीविहीन अवस्था आउन नदिने बताएका छन् । केन्द्रीय मुख्यालय सानेपामा आज आयोजित पत्रकार सम्मेलनबाट उनले संविधानको भावना, नागरिकको चाहना र निर्वाचनको अभिमतभन्दा विपरीत कांग्रेसले निर्णय नलिने अडान लिए । 'आन्तरिक रुपमा अभ्यासहरू, संवादहरू भइरहेका छन्,' शर्माले भने, 'हाम्रो बटमलाइनमा स्पस्ट छौं, कुनै पनि प्रदेश सभा प्रतिपक्षीविहीन बन्नु हुँदैन ।' प्रदेश सरकारबारे अरू दलसँग सम्वाद र पहलकदमी गर्ने जिम्मेवारी पाएका महामन्त्री शर्माले बरु कांग्रेस प्रतिपक्षीमा बस्न तयार हुने बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979480/left-wing-collaboration-in-the-provincial-government**

## बजेट कार्यान्वयन मार्गदर्शन : विनियोजित बजेट फागुनसम्म खर्च गर्नुपर्ने

चालु आर्थिक वर्ष विनियोजित बजेट आगामी फागुनसम्म खर्च गरिसक्नुपर्ने भएको छ । अर्थ मन्त्रालयले चालु आव २०८३/८४ को बजेट कार्यान्वयन मार्गदर्शन जारी गर्दै त्यस्तो व्यवस्था गरेको हो । मन्त्रालयले मार्गदर्शन मार्फत आर्थिक वर्ष फागुनसम्म विनियोजित बजेट खर्च गरिसक्नुपर्ने व्यवस्था गरेको हो । खर्च नहुने विनियोजित बजेट आगामी चैत १५ सम्म मन्त्रालयमा समर्पण गर्नुपर्ने मार्गदर्शनमा उल्लेख छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979466/budget-implementation-guidelines-allocated-budget-must-be-spent-by-falgun**

## पुरानो समिति गाभ्ने बाहेक अरू प्रस्तावमा कांग्रेस संस्थापन लचिलो

नेपाली कांग्रेसको संस्थापन पक्ष इतर पक्षले ल्याएको पाँच बुँदे प्रस्तावको एउटा बुँदा बाहेक अन्य बुँदामा सकारात्मक देखिएको छ । १४ औं महाधिवेशबाट समितिमा आएका तर विशेष महाधिवेशनको विपक्षमा रहेका नेताहरूलाई एकमुष्ट वर्तमान समितिमा समायोजन गर्नुपर्ने प्रस्ताव स्वीकार्न नसकिने संस्थापन पक्षको भनाइ छ । अन्य प्रस्तावमा भने सहमति खोज्न सकिने महामन्त्री गुरुराज घिमिरेले बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979454/congress-establishment-flexible-on-proposals-other-than-merging-old-committees**

## केयूको उपकुलपतिका लागि ३५ जनाको दरखास्त स्वीकृत

काठमाडौं विश्वविद्यालयको उपकुलपति पदका लागि ३५ जनाको दरखास्त स्वीकृत भएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयले सोमबार दरखास्त स्वीकृतसम्बन्धी सूचना जारी गरेको छ । 'काठमाडौं विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८३' बमोजिम प्राप्त आवेदनमध्येबाट सिफारिस समितिले ३५ जनाको नाम स्वीकृत गरेको जारी सूचनामा उल्लेख छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979484/35-applications-for-ku-vice-chancellor-post-approved-list**

## जेनजी आन्दोलनको अपनत्वका निम्ति संसद्मा संकल्प प्रस्ताव

जेनजी आन्दोलनको अपनत्वका निम्ति प्रतिनिधिसभामा संकल्प प्रस्ताव दर्ता भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुलभ खरेलले २३ र २४ भदौ २०८२ मा भएको जेनजी जनआन्दोलनलाई राज्यद्वारा औपचारिक स्वामित्व ग्रहण गर्ने गरी संकल्प प्रस्ताव लगेका हुन् । जेनजी आन्दोलनलाई ऐतिहासिक जनआन्दोलनका रूपमा मान्यता प्रदान गर्ने र तत्कालीन सरकारसँग जेजनी आन्दोलनरत पक्षले गरेको सहमति कार्यान्वयन गराउने संकल्प प्रस्तावको उदेश्य छ। ' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979431/resolution-proposed-in-parliament-for-the-adoption-of-the-genji-movement**

## दुर्गा भगवती गाउँपालिकामा सामाजिक सुरक्षा भत्तामा पनि भ्रष्टाचार

रौतहटको दुर्गा भगवती गाउँपालिकाका तत्कालीन निमित्त कार्यकारी अधिकृत प्रमोदकुमार ठाकुरसहित ४२ जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक सम्पत्ति हानिनोक्सानी, गलत लिखत तथा सरकारी कागजात सच्याइ भ्रष्टाचार गरेको आरोपमा उनीहरूविरुद्ध मुद्दा दायर गरेको हो । आयोगले ठाकुरसहित वडाध्यक्ष धर्मेन्द्रकुमार झा, वडा सचिव उमेश चौधरीलगायतले आपसी मिलोमतो तथा योजनामा सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी गरेको आयोगको आरोपपत्रमा उल्लेख छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979410/corruption-in-social-security-allowances-also-prevalent-in-durga-bhagwati-rural-municipality**

## बजेटको प्रभावकारी कार्यान्वयन गर्न सचिवहरूलाई अर्थमन्त्रीको निर्देशन

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनका लागि समयबद्ध काम गर्न सम्बन्धित पदाधिकारी र सचिवहरूलाई निर्देशन दिएका छन्। अर्थ मन्त्रालयमा आज प्रभावकारीरूपमा बजेट कार्यान्वयन गर्ने विभिन्न मन्त्रालयका सहभागी सचिवलाई बैठकमा सो निर्देशन दिएको उनको सचिवालयले जनाएको छ। बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्ट र अर्थ सचिव घनश्याम उपाध्यायसहित पूर्वाधार विकास, उद्योग वाणिज्य, कृषि, स्वास्थ्य, शिक्षा, परराष्ट्र, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, श्रम, महिला बालबालिका, गृह, एवं रक्षा मन्त्रालयका सचिवको सहभागिता थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979421/finance-minister-directs-secretaries-to-implement-budget-effectively**

## प्रस्तावित प्रमुख निर्वाचन आयुक्त कार्कीविरुद्ध एउटा उजुरी, २ आयुक्तविरुद्ध परेन

प्रस्तावित प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीविरुद्ध एउटा उजुरी परेको छ । संसदीय सुनुवाइ समितिमा कार्कीविरुद्ध उजुरी परेको हो । संसदीय सुनुवाइ समिति सचिवालयका अनुसार समग्रमा दुई वटा उजुरी परेको छ। एउटा सैद्धान्तिक विषयमा उजुरी परेको छ भने एउटा व्यक्ति तोकेर उजुरी परेको हो । प्रस्तावित निर्वाचन आयुक्तद्धय गुरू वाग्ले र डा. राजीव सुब्बाविरूद्ध भने उजुरी परेको छैन। १९ असारमा बसेको संवैधानिक परिषद्को बैठकले मोरङका कार्कीलाई प्रमुख निर्वाचन आयुक्तमा सिफारिस गरेको थियो। कार्की सर्वोच्च अदालतका रजिस्ट्रार समेत हुन्। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979369/one-complaint-against-proposed-chief-election-commissioner-karki-none-against-2-commissioners**

## किन बढिरहेको छ आत्महत्या ?

विश्व स्वास्थ्य संगठनका अनुसार आत्महत्या मनसायपूर्वक आफैंले आफैंलाई मार्ने कार्य हो । आवेगमा आएर वा जीवनबाट आशा मारेर मानिसले आत्महत्या गर्छन् । नेपालमा आत्महत्या बढ्नुको धेरै कारण छ । पारिवारिक, आर्थिक, सामाजिक, मानसिक, गरिबी, ऋणलगायत आत्महत्याका कारण बनिरहेका छन् । मुलुकमा बेरोजगारीको चरम समस्या छ । बेरोजगारको दर बढ्दै गएको छ । रोजगारी नहुँदा नागरिक आर्थिक संकटबाट ग्रुजिरहेका छन् । पारिवारिक कलहको प्रमुख कारण पनि बेरोजगारी नै हो । पैसा नभएपछि घरमा कलह शुरु हुन्छ । दिनदिनै कचकच सुन्नुभन्दा जीवन समाप्त पार्नु नै सहज ठानेपछि आत्महत्याको बाटो रोज्ने गरिएको पाइन्छ । एक्लोपन पनि आत्महत्याको कारण बनिरहेको छ । बाँकी...
स्रोत : **https://www.janaaastha.com/story/182346**

## निर्वाचन प्रणाली संशोधनको मुद्दाबाट किन पछि हटे कांग्रेस-एमाले ?

निर्वाचन प्रणाली संशोधन गर्नुपर्ने मुद्दाबाट कांग्रेस र एमाले पछि हटेका छन्। विगतमा दुवै दल हालको निर्वाचन प्रणालीबाट कुनै दलले बहुमत ल्याउन नसक्ने र राजनीतिक अस्थिरता निम्तिरहने निष्कर्षमा पुग्दै संशोधन गर्नुपर्नेमा सहमत भएका थिए। तर, २१ फागुनको निर्वाचनमा रास्वपा एक्लैको करिब दुईतिहाइ बहुमत आएपछि दुवै दल आफूहरूको धारणा खण्डित भएको भन्दै निर्वाचन प्रणाली संशोधनको मुद्दाबाट पछि हटेका हुन्। बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/07/21/why-did-congress-uml-back-down-from-the-issue-of-amending-the-electoral-system-15-39.html**

## नेपालमा मानवअधिकारको अवस्था

राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्न र दोषीलाई कानुनको कठघरामा पुऱ्याउन सरकारले टाङ अड्याउने चेष्टा गर्नु दुःखद पक्ष हो । सार्थक लोकतन्त्र र सुशासनमा प्रतिबद्ध सरकार अनिवार्यतः मानवअधिकारमैत्री हुनैपर्छ । संहिताबद्ध मानवअधिकारको उच्चस्तर त्यो मुलुकको लोकतान्त्रिक सभ्यताको मापक पनि हो । यस विषयमा कुनै पनि बहानाबाजी वा मानवअधिकार कुण्ठित गर्ने जस्तोसुकै शक्तिशाली सरकारसमेत कसरी पतन हुन्छ ? त्यसको ज्वलन्त उदाहरण गत साल भदौ २३ र २४ मा तत्कालीन सरकारले गरेको व्यवहार, त्यसबाट उत्पन्न अप्रिय प्रतिक्रियाका घटना र खतरनाक परिस्थिति सबैसामु ताजै छ । बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/21/the-human-rights-situation-in-nepal-36-17.html**

## प्रदेश सरकारमा वाम सहकार्यको जोडबल

कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले प्रदेश सरकारहरू हेरफेर गर्दा प्रतिपक्षीविहीन अवस्था आउन नदिने बताएका छन् । केन्द्रीय मुख्यालय सानेपामा आज आयोजित पत्रकार सम्मेलनबाट उनले संविधानको भावना, नागरिकको चाहना र निर्वाचनको अभिमतभन्दा विपरीत कांग्रेसले निर्णय नलिने अडान लिए । 'आन्तरिक रुपमा अभ्यासहरू, संवादहरू भइरहेका छन्,' शर्माले भने, 'हाम्रो बटमलाइनमा स्पस्ट छौं, कुनै पनि प्रदेश सभा प्रतिपक्षीविहीन बन्नु हुँदैन ।' प्रदेश सरकारबारे अरू दलसँग सम्वाद र पहलकदमी गर्ने जिम्मेवारी पाएका महामन्त्री शर्माले बरु कांग्रेस प्रतिपक्षीमा बस्न तयार हुने बताए । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979480/left-wing-collaboration-in-the-provincial-government**

## पाँचौं मुख्यमन्त्री बन्ने तरखरमा खगराज भट्ट

सुदूरपश्चिम प्रदेश सभाको दोस्रो कार्यकालमै पाँचौं मुख्यमन्त्रीका रूपमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संसदीय दलका नेता खगराज भट्टको नाम चर्चामा आएको छ। यसबारे औपचारिक निर्णय हुन भने बाँकी छ । नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि वर्तमान मुख्यमन्त्री कमल बहादुर शाह अल्पमतमा परेका छन्। संविधानअनुसार उनले विश्वासको मत लिनुपर्ने अवस्था छ। बाँकी... स्रोत : **https://www.ratopati.com/story/578883/khagraj-bhatta-in-the-running-to-become-the-fifth-chief-minister**

## जलवायुप्रति जनचेतना जगाउने कांग्रेस प्रयास, ५ किलोमिटर 'ग्रिन रन' आयोजना

नेपाली कांग्रेसले जलवायु परिवर्तनप्रति जनचेतना जगाउने उद्देश्यले काठमाडौं उपत्यकामा 'ग्रिन रन' आयोजना गरेको छ । आज बिहान आयोजित कार्यक्रममा कांग्रेस सभापति गगनकुमार थापा लगायतका नेता-कार्यकर्ताहरु सहभागी भए । जननायक बीपी कोइरालाको ४४औं स्मृति दिवस विभिन्न कार्यक्रमहरु आयोजना गरेर मनाउने क्रममा कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले आज 'ग्रिन रन' आयोजना गरेको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980150/congress-organizes-5-kilometer-green-run-to-raise-public-awareness-about-climate-change**

## अर्थसम्बन्धी प्रधानमन्त्रीका बैठकमा अर्थमन्त्री किन गयल ?

प्रधानमन्त्री बालेन्द्र शाहले विगत केही सातादेखि निजी क्षेत्रका प्रतिनिधिहरु निरन्तर छलफल गरिरहेका छन् । निजी क्षेत्रका विभिन्न संघसंस्थाका प्रतिनिधिहरु प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्रीसँग कुराकानी गरिरहँदा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको खोजी गर्छन् । तर, कुनै पनि बैठकमा अर्थमन्त्री डा. वाग्ले उपस्थित छैनन् । 'प्रधानमन्त्रीले जे प्रतिबद्धता गरे पनि त्यसको कार्यान्वयन गर्ने अर्थ मन्त्रालयले गर्ने हो, तर अर्थमन्त्री बैठकमा नदेख्दा केही अभाव महसुस त भयो,' बैठकमा सहभागी एक व्यवसायीले भने, 'तर, प्रधानमन्त्रीकै तहबाट हाम्रा समस्या समाधान गर्ने आश्वासन पाएपछि हामी उत्साहित नै छौं ।' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979495/why-was-the-finance-minister-absent-from-the-prime-ministers-meeting-on-finance**

## ऊर्जा र जलस्रोतमा संघीय सरकारसँग प्रदेशहरूको 'थ्रि एस' प्रस्ताव

प्रदेश सरकारहरूले ऊर्जा तथा जलस्रोत उपयोग, परिचालन र व्यवस्थापनमा संघीय सरकारसँग 'थ्रि एस' (समन्वय, सहअस्तित्व र सहकार्य) प्रस्ताव गरेका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आज आयोजना गरेको सातै प्रदेशका ऊर्जामन्त्री र ऊर्जा सचिव सहभागी विषयगत समिति बैठकमा प्रदेश सरकारहरूले यस्तो प्रस्ताव अघि सारेका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980056/provinces-three-s-proposal-with-federal-government-on-energy-and-water-resources**

## शिक्षा र स्वास्थ्यमा कर : प्रधानमन्त्रीले निर्णय त सच्याए, तर विधि मिचेर

अर्थमन्त्री स्वर्णिम वाग्ले मंगलवार बिहानसम्म शिक्षा र स्वास्थ्यमा ३ प्रतिशतका दरले लगाइएको समता शुल्कको बचाउ गर्दै थिए । तर, दिउँसो अचानक प्रधानमन्त्री बालेन्द्र शाहले फेसबुक, एक्समा पोस्ट गरी शिक्षा र स्वास्थ्यमा लाग्ने ३ प्रतिशत कर हटाइएको घोषणा गरिदिए । हुन त प्रधानमन्त्रीले आफ्नो पोष्टमा अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागू नगर्ने निर्णय गरेको उल्लेख गरेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980086/taxes-on-education-and-health-the-prime-minister-corrected-the-decision-but-violated-the-law**

## ओलीसँग प्रचण्डले राखे प्रदेशमा सर्वदलीय सरकारको प्रस्ताव

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले प्रदेश सरकार गठनमा तीनवटै दल मिल्नुपर्ने प्रस्ताव राखेका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न उनकै निवास गुण्डु पुगेका प्रचण्डले संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरूबीच सहकार्यको प्रस्ताव राखेका हुन् । 'अब बन्ने प्रदेश सरकार चुनावी हुन्छ । त्यसो हुनाले हाम्रो तयारी पनि त्यही अनुसार हुनुपर्छ भन्ने संयोजकले प्रस्ताव गर्नुभएको छ,' नेकपाका प्रवक्ता प्रकाश ज्वाला भन्छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980097/prachanda-proposes-all-party-government-in-the-province-with-oli**

## स्वकीय नियुक्तिको मापदण्ड बनाउँदै दलहरू

सुशीला कार्की नेतृत्वको सरकारले खर्च कटौतीको नीति अनुसार हटाएको सांसदहरूको स्वकीय सचिवको सुविधा नयाँ सरकारले खुला गरेपछि अहिले सांसदहरू स्वकीय सचिव नियुक्तिको तयारीमा छन् । यसका लागि दलहरूले नियुक्तिको मापदण्ड बनाउन थालेका छन् । गत सोमबार नेपाल राजपत्रमा सांसदहरूले स्वकीय सचिवको सुविधा पाउने गरी सूचना प्रकाशन भएको थियो । संघीय संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरी भन्छन्, 'अब माननीयज्यूहरूले स्वकीय नियुक्त गरेर संसद् सचिवालयलाई जानकारी गराउनुभए हुन्छ । सचिवालयले आवश्यक व्यवस्थापन गर्छ ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980036/parties-are-setting-criteria-for-their-own-appointments-costing-the-state-rs-2-5-billion-in-5-years**

## शिक्षा सुधारमा निजी क्षेत्रको सहकार्य अपरिहार्य : शिक्षामन्त्री पोखरेल

सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शिक्षा क्षेत्रको नीतिगत तथा संरचनागत सुधारका लागि निजी क्षेत्रसँगको सहकार्यलाई थप सुदृढ बनाइने बताउनुभएको छ । मंगलबार सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (एन-प्याब्सन), प्याब्सन, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान), एसोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल (एपिइएन) लगायत निजी विद्यालयसँग सम्बन्धित विभिन्न संघ-संस्थाका पदाधिकारी तथा प्रतिनिधिसँग भएको छलफलमा मन्त्री पोखरेलले यस्तो धारणा व्यक्त गर्नुभएको हो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/22/778497/**

## प्रज्ञामा प्रवृत्ति उही, अनुहार मात्र नयाँ

यदि यो केवल दलीय भागबन्डा हो भने, आफूलाई निष्ठावान् ठान्ने प्राज्ञहरूले त्यसलाई ठाडै अस्वीकार गर्ने नैतिक आँट किन गर्न सक्दैनन् ? नेपाली वाङ्मय, कला, र संगीत-नाट्य क्षेत्रको संरक्षण, संवर्द्धन र अनुसन्धान गर्ने सर्वोच्च निकाय हुन नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान । यी संस्थाहरू केवल प्रशासनिक संरचना मात्र होइनन्; यी त मुलुकको बौद्धिक चेतना, ऐतिहासिक विरासत र सांस्कृतिक पहिचान ऐना हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1979873/pragyas-attitude-is-the-same-only-the-face-is-new**

## कांग्रेस विवाद : तत्काल एकता नभए नयाँ पार्टी बनाउने असन्तुष्ट पक्षको उद्घोष

२ फागुन २००३ मा टंकप्रसाद आचार्यलाई मानार्थ सभापति र बीपी कोइरालालाई कार्यकारी सभापति बनाएर नेपाली राष्ट्रिय कांग्रेस स्थापना भएको थियो। १७ पुस २००५ मा सुवर्णशमशेरको सक्रियतामा महेन्द्रविक्रम शाहको अध्यक्षतामा प्रजातन्त्र कांग्रेस गठन भयो। यी दुई दल २७ पुस २००६ मा एकीकृत भएर नेपाली कांग्रेस बन्यो। दुई दललाई एक ठाउँमा ल्याउनेमध्येका नेता थिए बीपी। ६ साउन बीपीको स्मृति दिवस हो। बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/07/23/congress-dispute-dissatisfied-faction-vows-to-form-new-party-if-unity-is-not-achieved-immediately-32-42.html**

## सरकारको कार्यशैली सुधार्ने कि दुर्घटना निम्त्याउने ?

नयाँ गरौं, छिटो गरौं, सुशासन कायम गरौं र सार्वजनिक सेवा प्रवाहलाई सहज बनाऔं भन्नु सकारात्मक पक्ष हुन् । तर समग्र पक्षमा सकारात्मक परिणाम ल्याउन र त्यसलाई दीर्घकालीन बनाउन गतिसँगसँगै मति पनि ठीक हुनु पर्छ । सगरमाथाको चुचुरोमा पुगेपछि ओर्लिनुको विकल्प छैन । ओर्लाइ कस्तो हुन्छ भन्ने कुरामै चुचुरोमा पुग्नुको वास्तविक अर्थ र महत्त्व त्यसमा निहित हुन्छ। संघीय संसदको प्रतिनिधिसभा निर्वाचनमा १८२ सिट प्राप्त हुँदा रास्वपाका लागि र प्रधानमन्त्री पदमा आसिन हुँदा बालेन्द्र शाहका लागि त्यो सगरमाथाको चुचुरोमा पुगेसरह हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1980809/will-it-improve-the-governments-working-style-or-cause-accidents**

## कम्युनिष्टको कमजोरीका कारण देश दक्षिणपन्थीको हातमा पुगेको आरोप

खुला रूपमा वैदेशिक हस्तक्षेप बढेको र नेपालको राष्ट्रिय स्वाधीनता खतरामा परेको भन्दै देशका विभिन्न कम्युनिष्ट तथा वामपन्थी घटकहरूले त्यसको संयुक्त रूपमा प्रतिवाद गर्नुपर्नेमा जोड दिएका छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संस्थापक महासचिव पुष्पलालको ४८ औँ स्मृति दिवसको सन्दर्भ पारेर राजधानीको संवाद डबलीमा 'राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपाल'द्वारा आयोजित एक विचार गोष्ठीमा वक्ताहरूले उक्त धारणा व्यक्त गरेका हुन् । कार्यक्रममा राष्ट्रिय स्वाधीनता, बढ्दो वैदेशिक हस्तक्षेप, समसामयिक राजनीतिक परिस्थिति र आर्थिक संकटलगायतका विषयमा विस्तृत चर्चा गरिएको थियो । बाँकी... स्रोत : **https://hamrakura.com/news-details/217499/2026-07-24**

## गण्डकी प्रज्ञा-प्रतिष्ठानको नियुक्तिविरूद्ध रिटमा कारण देखाऊ आदेश

गण्डकी सरकार मातहत रहेको गण्डकी प्रज्ञा-प्रतिष्ठानमा भएको पदाधिकारी नियुक्तिलाई खारेज गर्न माग गर्दै दायर रिटमा कारण देखाऊ आदेश जारी भएको छ । उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्दको इजलासले बिहीबार विपक्षीको नाममा कारण देखाऊ आदेश जारी गरेको हो । एक वर्षसम्म पदाधिकारी रिक्त रहेको प्रतिष्ठानमा गत २२ असारमा २४ सदस्य नियुक्त गरिएको थियो । बाँकी... स्रोत : **https://www.ratopati.com/story/579526/3-year-old-boys-death-case-child-abuser-arrested-for-throwing-body-into-pond-after-being-run-over-by-bicycle**

## कांग्रेसले गोपालमान श्रेष्ठलाई वरिष्ठ नेता बनायो

नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीका अग्रज नेता गोपालमान श्रेष्ठलाई नेपाली कांग्रेसको वरिष्ठ नेता बनाउने घोषणा गर्नुभएको छ । बिहीवार काठमाडौँमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै सभापति थापाले लामो समयदेखि पार्टी र लोकतान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै श्रेष्ठलाई वरिष्ठ नेताको जिम्मेवारी दिने घोषणा गर्नुभएको हो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/24/778849/**

## दिगो संस्थागत शासकीय सुधारको कार्यभार

दिगो संस्थागत सुधारका लागि प्रतिक्रियात्मक कदम मात्र पर्याप्त हुँदैनन्। संरचनागत रूपान्तरण आवश्यक हुन्छ। बदलिँदो नेपाली समाजको लय पुस्तानिहित परिवर्तनमा प्रवेश गरेको देखिन्छ। खास राजनीतिक दर्शनको प्रभावमा पर्न नचाहने पुस्तागत रूपान्तरण राजनीतिक बदलावमा खुम्चिनेवाला छैन। यो परिवर्तन केवल राजनीतिक नेतृत्वको फेरबदलमा सीमित छैन, न त यसलाई दलीय बनोट वा संसदीय सहभागिताको सामान्य अदलाबदलीका रूपमा मात्र बुझ्न सकिन्छ। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/24/the-task-of-sustainable-institutional-governance-reform-15-28.html**

## प्रधानमन्त्री बालेनले आज निर्यातमुखी उद्योगका प्रतिनिधिसँग छलफल गर्दै

प्रधानमन्त्री बालेन शाहले प्रमुख निर्यातमुखी उद्योगका प्रतिनिधिसँग आज छलफल गर्दैछन् । छलफल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहान ११:३० बजे हुनेछ । छलफलमा नेपाल प्लाइउड उत्पादक सङ्घका अध्यक्ष होमप्रसाद घिमिरे, नेपाल गलैंचा उत्पादक तथा निर्यातकर्ता सङ्घका अध्यक्ष बलराम गुरुङ, नेपाल पश्मिना उद्योग सङ्घका अध्यक्ष धनप्रसाद लामिछाने, कार्पेट तथा प्लाइउड निर्यातकर्ता देवानन्द सरावगी तथा नेपाल डग च्यु उत्पादक सङ्घका अध्यक्ष रेशमबहादुर पोखरेललाई बोलाइएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1981634/prime-minister-balen-holds-discussions-with-representatives-of-export-oriented-industries-today**

## प्रधानमन्त्रीले बारम्बार नतिजा देखाउन भन्नुभएको छ, त्यही अनुसार काम गरेको छु : स्वर्णिम वाग्ले

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले विधिपूर्वक काम गर्न र नतिजा देखाउन आफूलाई प्रधानमन्त्री बालेन शाहले निर्देशन दिएको जानकारी गराएका छन् । बिहीवार आन्तरिक राजश्व विभागमा आयोजित देशभरका कर अधिकृतहरूको भेलालाई सम्बोधन गर्दै उनले यसबारे जानकारी गराएका हुन् । प्रधानमन्त्री शाहले आफूलाई पात्रभन्दा पनि कामको प्रकृति र नतिजाको सरोकार रहेको बताएको पनि अर्थमन्त्री वाग्लेले जानकारी गराए । 'अहिलेका सम्माननीय प्रधानमन्त्रीज्यूले पनि हामीलाई बारम्बार भन्नुहुन्छ- कसलाई ल्याउने वा कसलाई राख्ने भन्ने मेरो व्यक्तिगत चासो छैन,' वाग्लेले भने, 'नतिजा आउनुपर्छ, तपाईंहरू आफ्नो विधि र प्रक्रियाअनुसार काम गर्नुहोस् । मैले पनि यही भावना मन्त्रालयमा लागू गरेको छु ।' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1981343/the-prime-minister-has-repeatedly-asked-me-to-show-results-and-i-have-acted-accordingly-swarnim-wagle**

## धुर्कोट ग्रेटवाल निर्माण

गुल्मीको धुर्कोट गाउँपालिकाले एक किलोमिटर लामो धुर्कोट ग्रेटवाल निर्माण गरेको छ। धुर्कोट गाउँपालिका-६, धुर्कोट रजस्थलको ऐतिहासिक कोत र बुढीकोट जोड्ने गरेर धुर्कोट ग्रेटवाल निर्माण गरिएको हो। अग्लो डाँडो र चारैतिरको रमणीय दृश्यावलोकन गर्न सकिने भएकाले धुर्कोट ग्रेटवाल पर्यटकीय आकर्षणका रूपमा विकास भएको छ। धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोख्रेलले पर्यटकलाई कम्तीमा दुई दिन घुमेर धुर्कोटमा बास बस्ने बनाउन गाउँपालिकाले पर्यटकीय संरचनाहरूको निर्माण गरिरहेको बताउनुभयो। बाँकी...स्रोत : **https://gorkhapatraonline.com/news/215478**

## सुशासनको नयाँ अध्याय

सुशासन र सदाचारिता कुनै पनि लोकतान्त्रिक राष्ट्रको विकास, समृद्धि र स्थायित्वका प्रमुख आधारस्तम्भ हुन् । सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ४७ ले परिकल्पना गरेबमोजिम सदाचारिता प्रवर्धन, सूचनादाताको संरक्षण र स्वार्थको द्वन्द्व व्यवस्थापनलाई प्राथमिकतामा राखी जारी राष्ट्रिय सदाचार नीति, २०८३ मुलुकको प्रशासनिक र सामाजिक रूपान्तरणको एक रणनीतिक आधारशिला हो । शासकीय सुधारसम्बन्धी सयदिने कार्यसूची शासकीय प्रणालीलाई नतिजामुखी बनाउने इन्जिन हो भने सदाचार नीति सोही प्रणालीलाई नैतिकताको मार्गमा डोऱ्याउने स्टेयरिङ हो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/215758**

## बागमतीमा एमालेले छोडेको मन्त्रालयमा कांग्रेसका तीन मन्त्रीलाई जिम्मेवारी

बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नेकपा एमालेले छोडेको तीन मन्त्रालयमा कांग्रेसका तीन मन्त्रीलाई रिक्त मन्त्रालयको जिम्मेवारी तोकेका छन् । एमालेका मन्त्रीहरूले बुधबार राजीनामा दिएसँगै आज (बिहीबार) नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम गठन भएको मन्त्रिपरिषद्मा प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा समक्ष कार्यविभाजन सिफारिस गरेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1981332/three-congress-ministers-take-charge-of-the-ministry-vacated-by-uml-in-bagmati**

## तयारी पोसाक र कपडा विकास परिषद् गठन गर्न निर्देशन

प्रधानमन्त्री वालेन्द्र शाहले स्वदेशमा उत्पादित कच्चा पदार्थमा आधारित गुणस्तरीय तयारी पोसाक उद्योग (टेक्सटाइल) को विकास र प्रवर्धनमा सरकारले जोड दिने बताउनुभएको छ। नेपाल तयारी पोसाक उद्योग सङ्घका पदाधिकारीबिच मङ्गलबार भएको छलफलमा प्रधानमन्त्री शाहले तयारी पोसाक उद्योगको विकास र विस्तार गर्न सहजीकरणका लागि तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको हो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा रहने गरी तयारी पोसाक र कपडा विकास परिषद् (टेक्सटाइल एन्ड क्लोथिङ डेभलमेन्ट काउन्सिल) गठन गर्ने काम तत्काल अघि बढाउन प्रधानमन्त्री शाहले सम्बन्धित मन्त्रीलाई निर्देशन दिनुभएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/215416**

## पीपीएको पर्खाइमा साढे १६ हजार मेगावाटका २ सय ८१ आयोजना

करिब साढे १६ हजार मेगावाट क्षमताका २ सय ८१ जलविद्युत् आयोजना नेपाल विद्युत् प्राधिकरणमा विद्युत् खरिदबिक्री सम्झौता (पीपीए) को प्रतीक्षामा छन्। सर्वेक्षण अनुमतिपत्र, अध्ययनदेखि पीपीएसम्म पुग्दा प्रतिमेगावाट ५० देखि ६० लाख रुपैयाँ लगानी भइसकेको हुने ऊर्जा प्रवर्द्धकको दाबी छ। तसर्थ यसरी लगानीकर्तालाई अन्योलमा पार्न नहुने उनीहरूको भनाइ छ। पीपीए गरे पनि जलविद्युत् आयोजना बनाउन न्यूनतम ५ वर्ष लाग्छ। बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/07/26/281-projects-of-16500-mw-awaiting-ppa-15-23.html**

## लुम्बिनी सरकारबाट कांग्रेस मन्त्रीहरूले सामूहिक राजीनामा दिँदै

नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच प्रदेश सरकारमा सहकार्य गर्ने सहमतिपछि नेपाली कांग्रेसका मन्त्रीहरुले लुम्बिनी सरकारबाट सामूहिक राजीनामा दिने भएका छन्। यसअघि नेपाली कांग्रेसको केन्द्रीय समितिले असारको अन्तिममा नेकपा एमालेसँगको सत्ता सहकार्य अन्त्य गर्ने निर्णय गरेको थियो। तर लुम्बिनीमा कांग्रेसबाट मन्त्री भएकाहरुले राजीनामा दिएका थिएनन्। हिजो शनिबार मात्रै एमाले र नेकपा बीच सातै प्रदेशमा सत्ता सहकार्यको सहमति भएपछि भने एमाले नेतृत्वको सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरुलाई नैतिक दबाब परेको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1982494/congress-ministers-resign-en-masse-from-lumbini-government**

## एमालेबाट बागमतीको मुख्यमन्त्री को ?

केन्द्रमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच सत्ता साझेदारी सहमतिअनुसार बागमती प्रदेश सरकारको नेतृत्व एमालेले गर्ने भएको छ। सरकारको नेतृत्व गर्ने दलको टुंगो लागेपछि एमालेभित्र मुख्यमन्त्रीका आकांक्षी नेताहरुको दौड पनि तीव्र बनेको छ। शनिबार एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'बीच भएको लिखित सहमतिअनुसार कोशी, बागमती र लुम्बिनी प्रदेश सरकारको नेतृत्व एमालेले गर्नेछ भने कर्णाली र सुदूरपश्चिम प्रदेशको नेतृत्व नेकपाले गर्नेछ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1982462/who-will-be-the-chief-minister-of-bagmati-from-uml**

## विद्यार्थीलाई गृहकार्य : आवश्यकता कि बोझ ?

कहिलेकाहीँ म उनलाई लिन विद्यालय जाने गरेको छु । केही दिनअघि विद्यार्थी छुट्नु १० मिनेट अगावै विद्यालय पुगेकोले केही समय नातिनीलाई बाहिर पर्खनुपर्‍यो । त्यहाँ अरू अभिभावक पनि भएकाले विद्यार्थीलाई दिइने गृहकार्यबारे छलफल हुँदै थियो । कोही भन्दै हुनुहुन्थ्यो- बालबालिकालाई गृहकार्य बढी भयो । कसैको तर्क थियो- ठिकै छ, यति त चाहिन्छ, नत्र उफ्रेर खप्न दिँदैनन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1982340/homework-for-students-necessity-or-burden**

## 'बन्धन भगवती' समूहको बैंकिङ मिलेमतोको आशङ्का

सरकारी विकास आयोजना र सार्वजनिक खरिद प्रणालीलाई आधार बनाएर नक्कली मूल्य अभिवृद्धि कर (भ्याट) बिलमार्फत राज्यकोष दोहन गरेको आरोप खेपिरहेको बन्धन भगवती निर्माण सेवा प्रालिसम्बन्धी प्रकरणमा थप गम्भीर तथ्य सार्वजनिक भएको दाबी गरिएको छ । यसअघि विभिन्न सरकारी आयोजनामा नक्कली बिल प्रयोग गरी कर छली, सरकारी भुक्तानी दुरुपयोग र राजस्व चुहावट गरिरहेको आरोप लागेको उक्त समूहसँग अर्को शङ्कास्पद व्यावसायिक समूहको वित्तीय मिलेमतो रहेको दाबी अनुसन्धान अधिकारीहरूले गरेका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/26/779088/**

## एकताको बलमा मुलुक समृद्ध : राष्ट्रपति

राष्ट्रपति रामचन्द्र पौडेलले एकताको बलमा नै मुलुकलाई समृद्ध बनाउन सकिने बताउनुभएको छ। राष्ट्रिय विभूति भीमसेन थापाको २२५ औँ जन्मजयन्ती तथा पुरस्कार एवं सम्मान कार्यक्रममा उहाँले पुर्खाको बलिदान, साहस र वीरताका कारण नेपाली भई शिर उँचो बनाएर गौरवसाथ उभिन सकेको बताउनुभयो। इतिहासको असल पक्षको अनुसरण गर्न सके मात्र वर्तमानलाई न्याय गर्न सकिने चर्चा गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो, "हामीले इतिहासको असल पक्षको अनुसरण गर्न सके मात्र वर्तमानलाई न्याय गर्न सक्छौँ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/215883**

## प्रदेशमा एमाले-नेकपा सत्ता सहकार्य गर्दै

एमाले र नेकपाले प्रदेशसभामा सहकार्य गर्दै संयुक्त सरकार बनाउने सहमति गरेका छन् । कोशी, बागमती र लुम्बिनी प्रदेशमा एमाले तथा कर्णाली र सुदूरपश्चिममा नेकपाले सरकारको नेतृत्व गर्ने गरी शनिबार दुई दलले सहमति गरेका हुन् । एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहालले हस्ताक्षर गरेको सहमतिपत्रमा मधेश र गण्डकी प्रदेशमा अन्य राजनीतिक दलसँग परामर्श गरेर मात्रै सरकारको नेतृत्व र सहभागिताको स्वरूप तयार पार्ने उल्लेख गरिएको छ। ती प्रदेशमा कांग्रेसले सरकारको नेतृत्व गरेको छ । त्यहाँ एमाले र नेकपा मिल्दा मात्रै सरकार गठन हुन सक्ने अवस्था छैन । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/07/25/uml-ncp-in-power-partnership-in-the-province-05-03.html**

## जेन-जी आन्दोलनले खोजेको परिवर्तन यस्तै हो ?

राम्रो शासन भाइरल भिडियोबाट होइन, देशका बलिया संस्था र विधिको शासनबाट मापन हुन्छ । प्रभावशाली दृश्य र प्रभावकारी शासन फरक कुरा हुन् भन्ने यो सरकारले हेक्का राख्नैपर्छ । जेन-जी आन्दोलनमा म आफैं सडकमा उभिएको थिएँ । त्यतिबेला सडकमा जाँदा मेरो अपेक्षा कुनै एउटा व्यक्ति प्रधानमन्त्री बन्ने वा सरकार परिवर्तन गर्ने मात्र थिएन । मेरो मुख्य अपेक्षा देशको शासनशैली र राजनीतिक संस्कार परिवर्तन होस् भन्ने थियो । आन्दोलनमा मलगायतले भ्रष्टाचार, अपारदर्शिता, राजनीतिक संरक्षण, कमजोर संस्थागत जवाफदेहिता र पुरानै खराब राजनीतिक संस्कृति र बेथितिविरुद्ध आवाज उठाएका थियौं । बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/26/is-this-the-change-the-gen-z-movement-seeks-51-20.html**

## सदाचार समृद्धिको आधारशिला

नेपालको ऐतिहासिक, सामाजिक र शासकीय सन्दर्भ हेर्दा सदाचार, नैतिक चरित्र र निष्ठा हाम्रा मौलिक पुँजीगत सम्पत्ति हुन् । पौरस्त्य चिन्तनले मर्यादा, जवाफदेही, इमानदारी र सत्यनिष्ठामा आधारित सामाजिक व्यवहार प्रोत्साहन गर्दै आएका छन् । यिनै मूल्य आधुनिक उच्च प्रविधि र प्रतिस्पर्धी शासनव्यवस्थामा संस्थागत गर्न संविधान, कानुन, योजना, भ्रष्टाचार नियन्त्रण रणनीति र प्रशासनिक सुधारका कार्यक्रम ल्याइएका हुन् । व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय, निजी र गैरसरकारी क्षेत्रसमेतले आचारसंहिता तथा व्यावसायिक मापदण्ड अवलम्बन गरी सदाचार प्रवर्धनमा भूमिका खेलेका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/216012**

## मन्त्रिपरिषद्मा बालेनको चासो : जनकपुरमा कहिलेदेखि डोजर चल्छ ?

मन्त्रिपरिषद्का लगभग सबै बैठकमा प्रधानमन्त्री बालेन शाह गम्भीरतापूर्वक एउटा जिज्ञासा राख्छन् । अझै, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज (गनेश) पौडेलसँग त सोझै प्रश्न नै सोध्छन्, 'जनकपुरमा कहिलेदेखि डोजर चल्छ ?' मन्त्रिपरिषद्का एक सदस्यका अनुसार प्रधानमन्त्री बालेनले दुवैजनालाई दबाब नै दिइरहेका छन् ।' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1982605/balens-interest-in-the-council-of-ministers-since-when-has-the-dozer-been-operating-in-janakpur**

## नेपाल रेडक्रस सोसाइटीमा एकै व्यक्ति ४९ वर्षदेखि जिल्ला नेतृत्वमा

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को जिल्ला समितिको नेतृत्वमा एउटै व्यक्ति ४९ वर्षसम्म निरन्तर रहेका छन् । २० वर्षदेखि ४९ वर्षसम्म जिल्लाको नेतृत्व गर्नेहरू १० जिल्लामा छन् । नेरेसोको इतिहासमा सबैभन्दा बढी जिल्ला सभापति हुनेमा सिन्धुपाल्चोकका राजेन्द्रमान ताल्चाभोडेल छन् । २०३४ सालदेखि उनी निरन्तर सिन्धुपाल्चोक रेडक्रसको सभापति छन् । उनीपछि धेरै वर्ष संस्थाको नेतृत्वमा रहिरहने संखुवासभाका सभापति सरोजकुमार बज्राचार्य र बाराका राजेन्द्रसिंह खड्का छन् । उनीहरूले २०३८ सालदेखि संस्थाको जिल्ला नेतृत्व छोडेका छैनन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1982557/nepal-red-cross-society-has-had-one-person-in-district-leadership-for-49-years**